# अध्याय एक

## १. शोध परिचय

### १.१ शीर्षक

यस शोधपत्रको शीर्षक स्याङ्जा जिल्लाको तुलसी भञ्ज्याङ गाउँ विकास समितिका मगर जातिमा प्रचलित लोकनाटक “मारुनी” (ठूलोनाँच) को अध्ययन रहेको छ ।

### १.२ शोधको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको (५१०) दशौं पत्रको वैकल्पिक प्रयोजन निम्ति यो पत्र प्रस्तुत गरिएको छ ।

### १.३ समस्या कथन

मारुनी नृत्य विभिन्न जातिमा नाचिन्छ । तिनीहरुका कथावस्तु पनि भिन्न छन् । ती भिन्न कथावस्तुमा आधारित मारुनीको सामान्य अध्ययन भैसकेको भएपनि यस जिल्लाअन्तर्गत पर्ने तुलसी भञ्ज्याङ गा.वि.स. मा रामायणमा आधारित मारुनीको शोधकार्य भएको पाइदैन यसै कुराको निराकरण गर्ने कार्यलाई समस्याका रुपमा लिएर प्रस्तुत शोधपत्र लेखिएको छ । यसका समस्याहरुलाई बुँदागतरुपमा यसरी देखाउँन सकिन्छ ।

१) स्याङ्जा जिल्लाअन्तर्गत पर्ने तुलसी भञ्ज्याङ गा.वि.स. का मगर जातिमा प्रचलित मारुनी नाँच (ठूलोनाँच) को स्वरुप र परम्परा के कस्तो रहेको छ ?

२) यसको कथावस्तु केमा आधारित रहेको छ ?

३) मारुनीनाँचको थालनी र समापनमा के कस्ता नियम रहेका छन् ?

४) मगरजातिमा प्रचलित मारुनी नाँचको महत्व तथा तत्स्थानीय सांस्कृतिक प्रभाव के कस्तो रहेको छ ?

यिनै प्रश्नहरुको समाधानतर्फ शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ उद्देश्य

यस अनुसन्धानको मुख्य उद्देश्य नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने स्याङ्जा जिल्लाको तुलसीभञ्ज्याङ गा.वि.स. का मगर समुदायमा जातीय सांस्कृतिक परम्पराको रुपमा प्राचीनकालदेखि प्रचलित मारुनी नाँचलाई नेपालको मौलिक संस्कृतिको रुपमा चिनाउन र यसको दीर्घजीवनको निम्ति पनि यसको शोध आवश्यक रहेको छ । यस शोधपत्रका मुख्य उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१) मारुनीनाँचको परिचय खोज्ने ।

२) स्थानीय लोकसँस्कृतिको विकासमा तुलसीभञ्ज्याङ गा.वि.स. मा प्रचलित मारुनी नाँचले खेलेको भूमिकालाई विश्लेषण गर्ने ।

४) तुलसीभञ्ज्याङ गा.वि.स. मा प्रचलित मारुनी नाँचको अध्ययन गर्ने ।

## १.५ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने विभिन्न विद्वान्हरुले आफ्ना अध्ययन कार्यमा मारुनी नाँच बारे संद्धान्तिक चर्चा परिचयात्मक अध्ययन र अन्य ठाउँका तथा जातिका मारुनी नाँचका बारेमा व्याख्या विवेचना गरेपनि स्याङ्जा जिल्लाको तुलसीभञ्ज्याङ गा.वि.स. का मगर समुदायमा प्रचलित लोकनृत्य मारुनीको बारेमा आजसम्म पनि कसैले कलम चलाएका वा उल्लेख गरेको पाइदैन । यस पूर्व मारुनी नाँचका बारेमा गरिएका खोज एवं अनुसन्धानहरु यसप्रकार रहेका छन् ।

१) 'पूर्वआधुनिक लोकसाहित्य' भन्ने पुस्तकमा मारुनीलाई लोकनाटकको रुपमा चिनाइएको छ ।

२) दिनेश घिमिरेबाट तनहू जिल्लाको क्यामिन गा.वि.स.का गुरुङ जातिमा प्रचलित पाङदुरे मारुनी लोकनृत्यको अध्ययन भएको छ । जसमा यसलाई लोकनृत्य भनेर चिनाइएको छ । ऐतिहासिक सोरठीको गाथामा आधारित छ ।

३) डा. मोतीलाल पराजुलीबाट 'सोरठी नृत्य नाटिका' भन्ने सैद्धान्तिक अध्ययन गरिएको पुस्तकमा यसको चर्चा गरिएको छ । जसमा मारुनीलाई नारी पुरुषका भेषमा नाच्ने सामुहिक नाँच भनेर चिनाइएको छ ।

४)	चूडामणि बन्धु (२०५८) 'नेपालीलोकसाहित्य' भन्ने पुस्तकमा 'नचरी' लोकनाटकको वारेमा चर्चा गरिएको छ । जो मारुनी नाचसँग मिल्दोजुल्दो पाइन्छ ।

उपर्युक्त विद्वान् तथा अनुसन्धाताहरुबाट यथास्थान लोकनाटक मारुनीको चर्चा एवं विश्लेषण भएको देखिए पनि स्याङ्जा जिल्ला तुलसी भञ्ज्याङ गा.वि.स. का मगर समुदायका प्रचलित रामायणमा आधारित मारुनी नाँचको उल्लेख र अध्ययन कसैबाट नभएकाले उक्त अभावको पूर्ति गर्नु यस अध्ययन पत्रको उद्देश्य हो ।

## १.६ अध्ययनको महत्व

स्याङ्जा जिल्ला तुलसीभञ्ज्याङ गा.वि.स. का मगर समुदायमा प्राचीनकालदेखि विशेष पर्व र उत्सवका अवसरमा मनाइदै आएको मारुनी लोकनृत्य आज गुरुवावु र मादलेहरुको अभावमा ओझेलमा पर्न थालेको अनुभव गर्न सकिन्छ । त्यसैले यसको बारेमा अध्ययन एवं अनुसन्धानको महत्व स्वतः सिद्ध हुन जान्छ ।

## १.७ अध्ययनको सीमा र क्षेत्र

मारुनी नृत्य विभिन्न जातिमा विभिन्न आख्यानमा आधारित रहेका पाइन्छन् । यस अध्ययनपत्रको क्षेत्र स्याङ्जा जिल्लाको तुलसी भञ्ज्याङ गा.वि.स. का मगर जातिमा प्रचलित रामायणमा आधारित लोकनृत्य मारुनी (ठूलोनाँच) मा मात्र केन्द्रित रहेको छ ।

## १.८ अध्ययन बिधि

प्रस्तुत अध्ययनपत्रको लागि अनुसन्धानको कममा आवश्यकताअनुसार निम्नलिखित विधिहरुलाई प्रयोगमा ल्याइएको छ ।

क)	पुस्तकालय बिधि

ख)	अवलोकन बिधि (स्थलगत)

ग)	छलफल बिधि

## १.९ शोधपत्रको रुपरेखा

१)	अध्याय एक शोधपत्रको विषय परिचय

२)	अध्याय दुई लोकनाटकको सैद्धान्तिक परिचय

३)	अध्याय तीन तुलसीभञ्ज्याङ गा.वि.स. को परिचय

४)	अध्याय चार तुलसी भञ्ज्याङ गा.वि.स. का मगर जातिमा प्रचलित लोकनृत्य मारुनी (ठूलोनाँच) को परिचय

५)	अध्याय पाँच उपसंहार

परिशिष्ट १ गीतहरु

परिशिष्ट २ तस्वीरहरु

सन्दर्भ सामग्री

सन्दर्भ जानकारी

# अध्याय दुई

## २. लोकनाटकको सैद्धान्तिक परिचय

### २.१ लोकसाहित्य

पूर्वीय वाङमयमा 'लोक' शब्दको प्रयोग वैदिक काल वा सो भन्दा पनि पूर्वदेखि नै हुँदै आएको पाइन्छ । यो शब्द संस्कृतको 'लोकृदर्शने' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको हो । यस धातुको अर्थ हेर्नु वा देख्नु हुन्छ, जसको लट् लकारमा अन्य पुरुष एकवचनको रुप लोकते हुन्छ । यसकारण लोक शब्दको अर्थ हुन्छ, देख्ने अर्थात् देखिने वाला जनता, संसार, प्राणी आदि । लोकसाहित्यका अर्थमा लोक शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्छ । साहित्य शब्दको प्रचलित व्युत्पत्ति यस्तो रहेको देखिन्छ । हितेन सह सहित सहितस्य भावः साहित्य हितले जनताको हितका निम्ति प्रयुक्त समष्टि अर्थ हेर्दा लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति लोकसाहित्य हो भन्ने अर्थ बुझिन्छ । लोकसाहित्यलाई ग्रामसाहित्य, जनसाहित्य, अशिष्ट साहित्य आदि शब्दले पुकारेको समेत पाइन्छ ।

लोकसाहित्यलाई विभिन्न विद्वानहरुले यसप्रकार परिभाषित गरेको पाइन्छ ।

१) सभ्यताका प्रभावबाट टाढा रहेका आफ्ना सहजावस्थामा वर्तमान जुन निरक्षर जनता हुन् उनका आशा-निराशा, हर्ष-विष्मात्, जीवन-मरण, लाभ-हानी, सुख-दुःखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ, त्यसैलाई लोकसाहित्य भनिन्छ (डा. कृष्णदेव उपाध्याय, 'लोक साहित्यको भूमिका, पृ. २५) ।

२) लोकसाहित्य लोकसमूहद्वारा स्वीकृत व्यक्तिका मौखिकक्रमबाट पाइएको त्यो वाणी हो जसमा लोकमानस संग्रहित हुन्छ (डा. कुन्दनलाल उप्रेती, 'लोकसाहित्यके प्रतिमान', पृ. १७)

३) आदिम मानिसको अवशेष उपलब्ध हुनु लोकसाहित्य हो (डा., 'सत्यन्द्र लोकसाहित्य विज्ञान', पृ. ४५) ।

४)	वास्तवमा लोकसाहित्य त्यो मौखिक अभिव्यक्ति हो, जो भलै कुनै व्यक्तिले रचना गरेको हुन्छ तापनि त्यसलाई सर्वसाधारण जनसमुदायले आफ्नो ठान्दछन् (डा. धीरेन्द्र वर्मा) ।

विभिन्न विद्वानहरुका उपर्युक्त मतहरुको अध्ययनबाट लोकसाहित्यको विशेषतालाई निम्न बुँदाहरुमा समेटन सकिन्छ ।

१)	लोकमानसको शाब्दिक अभिव्यक्ति ।

२)	लोकानुभूतिको सरल अभिव्यक्ति ।

३)	अज्ञात रचयिता ।

४)	निरन्तर परिवर्तनशीलता ।

५)	शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकमर्यादामा आरक्षित

६)	मानवजीवनका हर्ष-विष्मात्, सुख-दुःख, विरहवेदना आदिको चित्रण ।

७)	सहजानुभूतियक्त मौखिक साहित्य

## २.२ लोकसाहित्यको विधागत वर्गीकरण

लोकसाहित्य लोकजीवनको ऐना हो । यो जनसाधारणका हृदयको भावोद्गार हो । जनसाधारणले भोगेका जीवन र जगतका अनुभव र अनुभूति यसमा पाइन्छन् । जीवन भोगका क्रममा खुशी र हाँसो पनि यसमा पोखिएको हुन्छ र पीडा, व्यथा तथा जलन र तडपन पनि । निरक्षर ग्रामीण जनता जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार, पर्व, उत्सव, ऋतु, महिना आदिमा गीत सङ्गीतद्वारा मनोरञ्जन प्राप्त गर्दछन् ।

१)	भाषिक अभिव्यक्तिका आधारमा

	क)	गद्यमूलक

		१)	आख्यानमुक्त - गाउँखाने कथा, मूक्ति उखान टुक्का

		२)	आख्यानबद्ध लोकथा

	ख)	पद्यमूलक

		१)	गीतमूलक - आख्यानबद्ध लोकगाथा, लोगगीत

		२)	कवितामूलक - आख्यानमुक्त लोकगीत, लोकपद्य

	ग)	चम्पूमूलक - लोकनृत्य, लोकगाथा, लोककथा

२)	प्रस्तुतीकरणका आधारमा

क)	श्रव्य

ख)	दृश्य

३)	संस्कार अनुष्ठानका आधारमा

क)	संस्कारबद्ध लोकसाहित्य

ख)	संस्कारमुक्त लोकसाहित्य

४)	विषयवस्तुका आधारमा

क)	लोकगीत - लोकगीत, लोकपद्य

ख)	लोकगाथा - अनुष्ठानिक लोकगाथा र मुक्त लोकगाथा

ग)	लोकथा

घ)	लोकनृत्य (लोकनाटक) आनुष्ठानिक र मुक्त

ङ)	उखान - टुक्का

च)	गाउँखाने कथा

## २.३ लोकनृत्य (लोकनाटक)

लोकसाहित्यका उपर्युक्त विभिन्न विधाहरुमध्ये लोकनाटकपनि एउटा विधा हो । लोकमा प्रचलित नाटकलाई लोकनाटक भनिन्छ । प्राचीन भनाइअनुसार नाटक सबै वर्गका व्यक्तिहरुले मनोरञ्जन गर्ने साधन हो । लोकनाटकको तात्पर्य विशिष्ट शिक्षित समाजभन्दा भिन्न साधारण जनसमुदायले मनोरञ्जन गर्ने साधन भन्ने बुझिन्छ ।

लोकनाटकको परिभाषा विभिन्न विद्वान्हरुले आफ्नै किसिमले गरेका छन् तीमध्ये केही यसप्रकार छन् ।

आदिम मानवको दैनिक कियाकलाप तथा अनुभवहरुबाट विकसित परम्परागत नाट्यलाई लोकनाटक भनिन्छ (न्यूयोर्क, सिकागो, वासिगटन, डि.सी. अमेरिका कपो. द इन्स्पाट, भोलुम ११, इ.सं. १९६३, पृ. ४१८) ।

लोकनाटक कुनै संयुक्त परम्परा तथा संस्कृतिहरुको समूहद्वारा विकसित सरल गायन भएको नाटक हो (लण्डन, विलियम व.प.सि.वि.भो.७१५ औं, सं १७६८, पृ. ४४९) ।

कुनै घटना वा पक्षको सिङ्गो कथानक नलिई लोकजीवनका दु:ख सुख राष्ट्रिय मेलपर्व (बालकृष्ण पोखरेल, ने.वृ. शब्दकोष, काठमाण्डौ, नेपाल, रा.प्र.प्र. २०५५, पृ. ११८८) ।

लोकनाटक लोकसाहित्यको त्यो विधा हो, जुनसुकै कथावस्तुमा आधारित भएर कथात्मक गीतहरुमा विचरित हुन्छ । लोकनाटकमा गीत, संगीत र नृत्य जस्ता साङ्गीतिक तत्वहरुको त्रिवेणी बगेको हुन्छ (धर्मराज थापा, हंसपुरे सुवेदी लोकसाहित्यको विवेचना, काठमाण्डौ, पा.वि.के.त्रि.वि.वि., वि.सं. २०४१ पृ. ३४९) ।

नेपाली समाजमा लोकनाटकको प्रचलनलाई हेर्दा यो लोकजीवनको निकै प्राचीन तथा लोकप्रिय विधाका रुपमा देखिन्छ । मूलतः लोकनृत्य र लोकगीतबाट आफ्नो आधार निर्माण गरी सर्वसाधारण जनतालाई मनोरञ्जन प्रदान गर्ने उत्तम बिधाका रुपमा यसले आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । लोकनाटकको परिभाषालाई हेर्दा यसको मूल आधारभूमि लोकजीवन हो भन्ने कुरा प्रष्ट हुन्छ । समाजमा व्यक्तिहरुले विभिन्न उत्सव, चाडवाड आदिमा मनोरञ्जनका निम्ति लोकनाटकको प्रयोग गर्छन् । लोकनाटक स्वाभाविक एवं नाट्यधर्मी हुन्छ । आपना जीवनका दैनिक घटनादेखि लिएर समाज संस्कृति आदिक्षेत्रका विराट फाँटबाट जुनसुकै विषयलाई लिएर पनि लोकनाटकको तयारी गर्न सकिन्छ । तर यसको रचनामा कुनै शास्त्रीय नियम पालना हुनुपर्ने आवश्यकता मानिदैन ।

लोकनाटकका विशेषतालाई निम्न बुँदाहरुमा समेटन सकिन्छ ।

१) कथावस्तुमा स्वतन्त्रता

२) सरल सहज भावनाको प्रस्तुति

३) गेयात्मक सरल भाषाको प्रयोग

४) संवादात्मकता

५) निर्माणमा सहजता

यसरी लोकजीवनको मनोरञ्जनाका लागि गेयात्मकता, अभिनेयात्मकता, अर्थात् गीत, संगीत र नृत्यु तीन मुख्य तत्वहरु समाविष्ट भएको लोकसाहित्यको एउटा विधालाई लोकनाटक भनिन्छ । यस्ता लोकनाटकमा नृत्य गीत र सम्भावित सानातिना घटना, संवादयुक्त कथावस्तु पनि पर्दछन् । नेपाली समाजमा यसप्रकारका अभिनेयात्मक कथा-गीत अर्थात् गीत संगीत र नृत्य सहितको विधाका रुपमा घाटु, धामीनाच, चाँचरी, गाइजात्रा,

इन्द्रजात्रा, मारुनी, बालुन आदि लोकनाटकहरु प्रचलित छन् । यसका अतिरिक्त मालसिरी, भैलो, जुहारी, आदिलाई पनि लोकनाटककै रुपमा लिन सकिन्छ ।

## २.४ लोकनाटकको उत्पत्ति

लोकनाटकको उत्पत्तिको इतिहास मानव सृष्टिको प्रहरसँगै गाँसिएको पाइन्छ । प्राचीन मानवीय भावनाको अभिव्यक्ति साङ्केतिक हावभावका रुपमा हुन्थ्यो । त्यसैले सामाजिक भावनासँग तादात्म्य राखेपछि शारीरिक हलचल नृत्यको रुपमा गाँसिएर नाटकीय रुपमा आयो । अतः नाटकको उत्पत्तिको बीजका रुपमा लोकनाटकहरुनै रहेको पाइन्छ । लोकनाटकको प्राचीनतालाई हेर्दा नृत्यपूर्ण मूर्ति, उत्सव, जात्राहुँदै त्यसको विकसित रुप भैरवनाँच, हनुमान नाटक, कार्तिक नाँच एवं गाईजात्रा, इन्द्रजात्रा, बालुन, सोरठी, मारुनी, घाटु, रामलीला, धमारी, भूवो आदिको रुप फेला पार्न सकिन्छ । उपर्युक्त कुराहरुमा विभिन्न विद्वानहरुको सहमति पाइन्छ ।

## २.५ लोकनाटकका तत्वहरु

लोकसाहित्यका विविध विधाहरुमध्ये लोकनाटक एउटा महत्वपूर्ण विधा हो । पूर्ण संरचनायुक्त हुने भएकाले यसले लिखित नाटकले जस्तै विविध अङ्ग र अवयवलाई स्वीकार गर्छ तिनै अवयवलाई यसका तत्वका रुपमा लिन सकिन्छ । लोकनाटकका प्रमुख तत्वहरु निम्नानुसार रहेका छन् ।

१) कथावस्तु

२) पात्र

३) नृत्य

४) गीत

५) अभिनय

६) संवाद

### १) कथानक

कथानक लोकनाटकको एक प्रमुख तत्व हो । कुनै लोकनाटकले केही ठूलो वा बढी कथानक लिएको हुन्छ भने कुनैले थोरै कथानक लिन्छ, तर कथानक बिना लोकनाटक बन्न सक्दैन । लोकनाटकमा ऐतिहासिक, पौराणिक, सामाजिक वा धार्मिकमध्ये कुनै एउटा

विषयलाई कथानकका रुपमा चयन गरिएको हुन्छ । सामान्यतया लोकनाटकमा आउने कथानकको शृङ्खला क्रमबद्ध किसिमको हुन्छ । वर्णित घटनाहरु एक पछि अर्को गर्दै आएका हुन्छन् । घटना अभिनयात्मक रुपमा प्रस्तुत गर्न सकिने खालका हुन्छन् । घटनाको प्रधानता भएका लोकनाटकहरुमा घटनाको उद्घाटनसँगै विभिन्न पात्र वा चरित्रहरु देखापर्दै जान्छन् र कथानकले पाठकलाई पनि एकरसतामा डोऱ्याउँदै लग्छ । संक्षेपमा भन्दा ठूलो होस् वा सानो कथानक लोकनाटकमा अनिवार्य रुपमा आउने हुनाले यसलाई प्रमुख तत्वका रुपमा लिइएको छ ।

## २) पात्र

नाटकको मञ्चन प्रदर्शन एवं गीत र संगीतको प्रस्तुति पात्रका माध्यमबाट गरिन्छ । कथानकको उद्घाटन गर्न र त्यसलाई प्रभावकारी रुपमा दर्शक समक्ष पुऱ्याउनका लागि पात्र वा चरित्रको भूमिका महत्वपूर्ण रहन्छ । पात्रहरु लोकसमाजबाटै टिपिएका वा छानिएका हुन्छन् । दर्शकलाई नाटकप्रति आकर्षण पैदा गर्न र कतिपय सन्दर्भमा आर्थिक संकलनका लागि समेत लोकनाटकमा समाजबाट सुन्दर नरनारीहरुको छनौट गरी अभिनय गर्न लगाइन्छ । पात्रहरुको स्वाभाविक भेषभूषा, अभिनय, नृत्य र गेयका कारणले जनसमुदायको प्रयोग पनि गरिएको हुन्छ । यस्ता पात्रले समाजका विभिन्न व्यक्ति र सन्दर्भलाई व्यङ्ग्य गर्दै र आफ्नै विविध विकृत रुप र हाउभाउ प्रदर्शन गर्दै रोचकता थप्ने र दर्शकलाई मनोरञ्जन प्रदान गर्ने गर्दछन् । त्यसैले पात्र लोकनाटकको अर्को महत्वपूर्ण तत्व हो ।

## ३) नृत्य

नृत्य लोकनाटकको अर्को महत्वपूर्ण तत्व हो । लोकनाटकको मञ्चनका क्रममा देखापर्ने पात्रहरुले कथावस्तुलाई नृत्यका माध्यमबाट पनि प्रस्तुत गर्छन् । लोकनाटकको अभिनय नृत्यका माध्यमबाट गरी दर्शकलाई मनोरञ्जन प्रदान गरिन्छ । कथावस्तुलाई प्रभावकारी बनाउनका लागि नृत्य तत्वको ठूलो भूमिका हुन्छ । नृत्यले विषयलाई प्रभावकारी रुपमा सम्प्रेषण गर्ने, घटनालाई स्वाभाविक र यथार्थ पार्ने, नाटकलाई दर्शनीय र मनोरञ्जनपूर्ण बनाउने आदि काममा सहयोग पुऱ्याउने हुनाले यसलाई लोकनाटकको अर्को महत्वपूर्ण तत्वका रुपमा लिने गरिन्छ ।

## ४) गीत

लोकनाटक गेयात्मक हुन्छ । यसका पात्रहरुले अभिनय नृत्यका साथसाथै घटनालाई गीतका माध्यमबाट प्रस्तुत गर्दछन् । गेयात्मकताले दर्शकलाई एकोहोरो रुपमा तानेको हुन्छ । गीत अशिक्षित नरनारीद्वारा गाइने हुनाले यसमा अत्यन्त सरलता रहेको हुन्छ । ग्रामीण जनजीवनका सहज मनोभावनालाई सरलता साथ व्यक्त गरिने हुँदा ती अत्यन्त कर्णप्रिय बनेर आएका हुन्छन् । गीत, नृत्य तथा अभिनयका साथमा आउने हुनाले नाटकलाई यसले प्रभावकारी बनाउन सहयोग गर्दछ । तसर्थ यो पनि लोक नाटकको महत्वपूर्ण तत्व हो ।

## ५) अभिनय

अभिनय पनि लोकनाटकको महत्वपूर्ण तत्व हो । नाटकलाई जीवन्त बनाउने तत्व नै अभिनय हो । यसले लोकनाटकलाई प्रभावकारी र दर्शनीय बनाउँछ । यसमा प्रस्तुत हुने अभिनयले सामूहिक भाव व्यक्त गर्नुका साथै संवेदनालाई तीव्ररुपमा प्रस्तुत गर्दछ । लोकनाटमा भाषा वा गीतले व्यक्त गर्ने भावभन्दा अभिनयले व्यक्त गर्ने भाव बढी प्रभावकारी हुन्छ । पात्रहरुले वाचनका साथसाथै अभिनय गर्ने हुनाले अभिनयमा काव्यात्मकताको छाया पाइन्छ । अभिनयका क्रममा पात्रले प्रयोग गर्ने भेषभूषा, शृंगार र अलङ्कार स्वाभाविक र जीवन्त हुन्छ । यही स्वाभाविक र जीव्न्त भेषभूषाका माध्यमबाट गरिने अभिनयले लोकनाटकलाई नै जीवन्त र प्रभावकारी बनाउने हुनाले यसलाई महत्वपूर्ण तत्वका रुपमा लिन सकिन्छ ।

## ६) संवाद

संवादका माध्यमबाट लोकनाटकको प्रदर्शन हुने भएकाले यसलाई पनि तत्वका रुपमा लिइन्छ । लोकनाटकलाई दर्शकका अगाडि प्रस्तुत गर्ने क्रममा अभिनय पात्रहरुका माध्यमबाट संवाद अगाडि बढ्दछ । लोकनाटक सामान्य अशिक्षित जनसमुदायका लागि प्रस्तुत गरिने भएकाले दर्शकलाई पट्यार नलागोस् भन्ने उद्देश्यले छोटा-छोटा संवादको प्रयोग गरिन्छ । छोटा संवादको प्रयोगले पात्रलाई संवाद प्रक्रियामा सुगमता प्रदान गर्नुका साथै दर्शकलाई संवाद सुन्न र बुझ्न पनि सजिलो हुन्छ । कतिपय लोकनाटकमा संवाद प्रश्नोत्तरात्मक प्रकृतिको पनि हुन्छ । जे होस् संवादले नै नाटकलाई प्रभावकारी बनाउने

हुनाले र साधारण पात्रद्वारा संवाद प्रकियाका माध्यमबाट विषयलाई प्रस्तुत गरिने हुनाले लोकनाटकमा संवादलाई महत्वपूर्ण तत्वका रुपमा लिने गरिन्छ ।

## २.६ लोकनाटकको वर्गीकरण

लोकनाटक जनसमुदायमा निकै अगाडिदेखि लोकप्रिय र मनोरञ्जनप्रिय विधाका रुपमा प्रयोग हुँदै आएको हो । विभिन्न चाडपर्व, जात्रा र उत्सवहरुमा यसको मञ्चन र प्रर्दन गरिन्छ । यी विभिन्न सन्दर्भ र प्रयोजन विशेषमा प्रयोग गरिने लोकनाटकहरु भिन्नाभिन्नै प्रकारका देखिन्छन् यिनलाई यिनका प्रयोजन र प्रकृतिका आधारमा वर्गीकरण गर्नु निकै गाह्रो कामका रुपमा देखा पर्दछ तापनि लोकनाटकलाई वर्गीकरण गर्ने केही प्रमुख आधारहरु यसप्रकार रहेका छन् ।

### १) विषयवस्तुका आधारमा

विषयवस्तुका आधारमा लोकनाटकलाई ऐतिहासिक, पौराणिक, धार्मिक आदि भागमा विभाजन गर्न सकिन्छ । यिनको विषयको प्रकृति हेरी सोही अनुरुप नाटकको भेद छुट्याउन सकिन्छ ।

### २) नाट्यतत्वका आधारमा

लोकनाटकका कथानक, नृत्य, गीत, पात्र, संवाद, अभिनय आदि विभिन्न तत्वहरु मानिन्छन् । यिनै तत्वहरुको प्रधानताका आधारमा कथानकप्रधान, नृत्यप्रधान, गीतप्रधान, चरित्रप्रधान, संवादप्रधान आदि गरी पनि लोकनाटकलाई वर्गीकरण गर्न सकिने देखिन्छ ।

### ३) पर्व वा उत्सवका आधारमा

लोकनाटकको प्रदर्शन विशेषतः विभिन्न संस्कृति अनुसारका तिनका उत्सव तथा चाडपर्वमा गरिने भएकाले उत्सवअनुसार तिनलाई वर्गीकरण गर्न सकिन्छ ।

### ४) उद्देश्यका आधारमा

लोकनाटकको प्रदर्शन निश्चित उद्देश्यका लागि गरिन्छ । जुन उद्देश्यका लागि लोकनाटकको प्रदर्शन गरिन्छ त्यसैका आधारमा यिनलाई हाँस्य प्रधान, मनोरञ्जन प्रधान, शिक्षा प्रधान आदि विभिन्न भागमा विभाजन गर्न सकिने देखिन्छ ।

उपर्युक्त आधारमा लोकनाटकलाई वर्गीकरण गर्न सकिएपनि मूलतः लोकनाटकको वर्गीकरणको उपयुक्त आधार विषयवस्तु नै हुन सक्ने देखिन्छ । विषयवस्तुका आधारमा वर्गीकरण गर्दा सम्पूर्ण लोकनाटकलाई समेट्न सकिने हुनाले उपर्युक्त निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

१) पौराणिक लोकनाटक

२) धार्मिक लोकनाटक

३) ऐतिहासिक लोकनाटक

**१) पौराणिक लोकनाटक**

पौराणिक विषयवस्तुलाई लिएर तयार गरिएका लोकनाटकलाई पौराणिक लोकनाटक भनिन्छ । यस्ता लोकनाटकको घटना वा कथावस्तु पुराण र तिनका वर्णित देवता, आदर्श पुरुष, महानवीर र महानप्रतिभासँग सम्बन्धित हुन्छन् । यस्ता घटना र व्यक्ति चरित्रका वर्णनले साँस्कृतिक गरिमा र महिमालाई प्रस्तुत गरेका हुन्छन् । पौराणिक विषय वा चरित्रमा आधारित लोकनाटकमा पात्रहरुलाई त्यसै अनुसारको भेषभूषा र अभिनय गर्न लगाइएको हुन्छ ।

**२) धार्मिक लोकनाटक**

धार्मिक उद्देश्यले रचना गरिएका लोकनाटकलाई धार्मिक लोकनाटक भनिन्छ । हाम्रो नेपाली समाज प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धर्मसँग सम्बन्धित भएको हुनाले धार्मिक विषयसँग सम्बन्धित लोकनाटकको प्रचलन देखिन्छ । हाम्रो समाजमा जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका धार्मिक संस्कारगत कर्महरु सम्पन्न गरिन्छ । यो हाम्रो वैदिक संस्कृतिको विशेषता र आर्य परम्परा पनि हो । यिनै विभिन्न अवस्थामा गरिने संस्कारसँग सम्बन्धित धार्मिक कियाकलापलाई विषयवस्तु बनाएर लोकनाटकहरु प्रचलित हुँदै आएका छन् । यिनको मूल उद्देश्य धर्मका आडमा रहेर जनजीवनलाई नैतिक चरित्रको शिक्षा दिनु हो । धार्मिक लोकताटकको कथावस्तुमा दुष्टको दमन, सदाचारीको सम्मान र सात्विक भावनालाई प्रतिष्ठापित गरिएको हुन्छ र सधैं असत्यको पराजय र सत्यको विजय देखाइएको हुन्छ ।

**३) ऐतिहासिक लोकनाटक**

इतिहासप्रसिद्ध घटनालाई लिएर तयार गरिएको लोकनाटकलाई ऐतिहासिक लोकनाटक भनिन्छ । यस्ता लोकनाटकमा इतिहासका वीर पुरुष वा साहासिक व्यक्तित्वलाई

नायकका रुपमा प्रस्तुत गरी तिनका वीरतापूर्ण कार्यलाई अभिनयात्मक रुपमा प्रस्तुत गरिन्छ । विशेषतः वीररसप्रधान हुने यस्ता लोकनाटकमा वीर पुरुषका साहसिक कार्यको वर्णन गरिएको हुन्छ ।

# अध्याय तीन

## ३. तुलसीभञ्ज्याङ गाउँ विकास समितिको परिचय

स्याङ्जा जिल्लाका ६० गा.वि.स. र २ नगरपालिकासहित ६२ वटा स्थानीय निकायहरुमध्ये जिल्लाको दक्षिण पश्चिममा अवस्थित यो तुलसीभञ्ज्याङ गा.वि.स. को पूर्वमा पक्वादी, पश्चिममा जगत्रदेवी, उत्तरमा पेलाकोट र तीनदोबाटे गा.वि.स. र दक्षिणमा पाल्पा जिल्लाको हुँगी गा.वि.स. पर्दछन् । यसलाई उत्तरमा आँधीखोला र दक्षिणमा काली गण्डकीले सीमा छुट्याएको छ । यसरी दुई तिरबाट ठूला साना नदीले छोएको बीचमा कहीं डाँडा त कहीं फाँट भएको तुलसीभञ्ज्याङ गा.वि.स. को आफ्नै विशेषता रहेको छ ।

## ३.१ भौगोलिक अवस्था

तुलसीभञ्ज्याङ गाउँ विकास समितिको अवस्थित २७$^{\circ}$२५' उत्तरदेखि २७$^{\circ}$५७' उत्तरी अक्षांश र ८३$^{\circ}$४३' पूर्वी देशान्तरमा फैलिएर रहेको छ । प्राकृतिक बनावटको हिसावले यस गा.वि.स. लाई दुई भागमा बाड्न सकिन्छ । उत्तरतर्फको डाँडो हिमालतिर फर्किएको छ भने दक्षिणतर्फको भागमा मलिला फाँटहरु टम्म परेर बसेका छन् । यी फाँटहरुलाई यस गा.वि.स. का अन्नका भण्डार पनि भनिन्छ । डाँडाको टाकुरामा स्थानीय देवदेवीका कोटहरु रहेका छन् । यहाँबाट उत्तर पूर्वमा माछापुच्छ्रे, अन्नपूर्ण हिमालको दृश्यावलोकन गर्न सकिन्छ भने दक्षिणतर्फ रमाइला बेसी फाँट र पश्चिम पूर्व हुँदै बगेको कालीगण्डकीले आफ्नै शोभा दिइरहेको छ ।

## ३.२ गाउँ विकास समितिको नामाकरण

हालको तुलसी भञ्ज्याङ गा.वि.स. स्थान वा ठाउँको नामबाट गा.वि.स. को नाम रहन गएको देखिन्छ । यो ठाउँ पहिला बुटवल पाल्पा हुँदै पोखरा वा राजधानी जाने बटुवाहरुको बास बस्ने स्थान थियो । गाउँको व्यापारको थलो वा बजार पनि थियो । यसै ठाउँमा एकजना धार्मिक स्वभावकी नेवार बृद्धा थिइन् । उनी तुलसीको खूव सेवा गर्ने गर्थीन् रे । यिनै बृद्धा नेवार्नीको घरअगाडि एउटा ठूलो तुलसीको मठ थियो जो बाटामा भएकाले घोडा, खच्चर, गाईगोरुले छुन भाँच्न नसक्ने किसिमको अग्लो ठूलो थियो । बटुवाहरुलाई

राति कहाँ बास बस्यौ ? भन्दा त्यो ठूलो तुलसीको मठ भएको ठाउँमा वा भञ्ज्याङमा भनी जवाफ दिन्थे रे । कालान्तरमा पूरै गाउँको मध्यकेन्द्र भएकाले पनि गाउँका ठूला साना कार्यक्रम छलफल यहीं गरिन्थ्यो । यसै आधारमा यो गा.वि.स. को नाम तुलसीभञ्ज्याङ रहन गएको बुझिन्छ ।

## ३.४ तुलसीभञ्ज्याङ गाउँ विकास समितिको जनसंख्या विवरण

| वडा नं. | परिवार संख्या | घर संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०२ | ९९ | ३११ | २६५ | ५७९ |
| २ | ७३ | ६८ | १९९ | १८६ | ३८५ |
| ३ | ११७ | १०८ | ३४० | २७० | ६११ |
| ४ | १५६ | १४९ | ४७५ | ३६२ | ८३७ |
| ५ | १२१ | १०८ | ३८८ | ३०१ | ६८९ |
| ६ | ६६ | ६३ | १९९ | १७६ | ३७५ |
| ७ | ८३ | ७८ | २६६ | २२५ | ४९१ |
| ८ | ४९ | ४६ | १५७ | १४० | २९७ |
| ९ | ७१ | ६७ | १९९ | १९१ | ३९० |
| | | | | जम्मा | ४६५४ |

## ३.५ जातिगत विवरण

| वडा नं. | घर्ती | नेवार | सार्की | वि.क. | दमै | मगर | ब्राह्मण |
|---|---|---|---|---|---|---|---|
| १ | - | १ | १ | १७ सु. | - | ७३ | ७ |
| २. | - | १ | १ | - | - | २५ | ४१ |
| ३ | ६ | - | - | १० | - | ५ | ८७ |
| ४ | ५ | - | - | - | १ | ३ | १४० |
| ५ | ५ | १ | - | १ | १५ | ६ | ८० |
| ६ | - | - | - | - | - | ३८ | २५ |
| ७ | - | - | - | ८ | - | ९ | ६१ |
| ८ | १ | - | - | - | - | ५ | ४० |
| ९ | - | - | - | - | - | ५ | ६२ |

## ३.६ पेशा एवं साक्षरता

तुलसी भञ्ज्याङ गाउँ विकास समितिको कुल जनसंख्याको ८३% जनताहरुले कृषि पेशा अपनाएको देखिन्छ भने १६% जनताले देश विदेशमा नोकरी पेशा गरेको बुझिन्छ । यसै गरी मात्र १% ले सामान्य व्यवसाय (व्यापार आदि) गरेको देखिन्छ । उपर्युक्त पेशामा ध्यान दिंदा यहाँको मुख्य पेशा कृषि हो भन्ने स्वतः बुझिन्छ ।

## ३.७ सामाजिक स्थिति

तुलसी भञ्ज्याङ गा.वि.स. मा हिन्दूधर्मावलम्वीहरुको संख्या ठूलो रहेको छ । बौद्धमार्गी र अन्य पनि छुटपुट रुपमा छन् । यहाँ जाति, धर्म, लिङ्गका आधारमा भेदभाव नभइ सबै नेपाली काँधमा काध मिलाई राष्ट्रविकासमा हातेमालो गरिरहेका छन् । दशैं, तिहार, तीज, माघेसंक्रान्ति, चैतेदशैं, रामनवमी यहाँका प्रमुख चाडहरु हुन् । यसै गरी जन्म, विवाह एवं विभिन्न धार्मिक अवसरमा रमाइलो गर्ने परम्परा यहाँको रहेको छ ।

## ३.८ शैक्षिक स्थिति

यसै गारी यस तुलसीभञ्ज्याङ गा.वि.स. को साक्षरता प्रतिशत ६६.६% रहेको छ । यस गा.वि.स. मा जम्मा १ उच्च मा.वि., १ मा.वि. र ४ वटा प्रा.वि. रहेका छन् । विद्यालयहरुको नाम, स्थान र स्थापना वर्ष यसप्रकार रहेको छ ।

| क.सं. | विद्यालयको नाम | स्थापना वर्ष | विद्यार्थी संख्या |
|---|---|---|---|
| १. | श्री गल्कोट उच्च मा.वि., जिमूहाकट्टी | २०१७ | ६२८ |
| २. | श्री बज्रे भञ्ज्याङ मा.वि., बज्रे | २०१७ | ३२० |
| ३. | श्री गणेश प्रा.वि., दिमिक पोखराबारी | २०४१ | २१० |
| ४. | श्री बालज्योति प्रा.वि., कमेरेपानी | २०५३ | १९० |
| ५. | श्री राधा सर्वेश्वर प्रा.वि. | २०२४ | ७० |
| ६. | श्री हुलाक प्रा.वि., हुलाक | २०४४ | १९३ |

यो गा.वि.स. को पहिलो विद्यालय उपर्युक्त श्री गल्कोट उ.मा.वि. हो । यो विद्यालयको हाल विद्यार्थी संख्या यसप्रकार रहेको छ ।

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | १४ | १५ | २९ |
| २ | १६ | १३ | २९ |
| ३ | २० | २५ | ४५ |
| ४ | १८ | २३ | ४१ |
| ५ | २२ | २० | ४२ |
| ६ | २७ | ३६ | ६३ |
| ७ | ४३ | ५४ | ९७ |
| ८ | २४ | ४२ | ६६ |
| ९ | २७ | ४१ | ६८ |
| १० | ३१ | ३४ | ६५ |
| ११ | २० | २१ | ४१ |
| १२ | १६ | २६ | ४२ |
| | | जम्मा | ६२८ |

# अध्याय चार

## ४. स्याङ्जा जिल्लाको तुलसी भञ्ज्याङ गाउँ विकास समितिका मगर जातिमा प्रचलित लोकनाटक मारुनीको परिचय एवं विश्लेषण

### ४.१ "मारुनी" नामाकरण

विशेष गरी मगर जातिमा प्रचलित मारुनी नृत्य अर्थात् मारुनीको परिभाषा, उत्पत्ति एवं शाब्दिक अर्थको प्रयोग ठोस रुपमा गरेको पाइदैन । त्यै पनि केही साहित्य सेवीहरुका साङ्केतिक परिभाषा गुरुबाउका भनाइ एवं शोध निर्देशक आदर्णीय गुरु श्री हुमकान्त पाण्डेका सुझाव सहित विभिन्न पुस्तकहरुको अध्ययनबाट मारुनीको शाब्दिक अर्थ परिभाषा यसप्रकार गरिएको छ ।

मारुनी शब्द मगराती भाषाको मास्त अर्थात् आइमाई र रुङ्गे अर्थात् रङ्गाइएको वा सिंगारिएको भन्ने अर्थमा प्रयोग भएको देखिन्छ । यसको अर्थ बुझ्दा सिंगारिएकी आइमाइ वा पुरुषलाई सिंगारेर आइमाई बनाइएको भन्ने बुझिएको छ । यस्तै अर्को अर्थमा मारुनीलाई मा अर्थात् आमा रुनी रुवाउने अर्थात् आमा रुवाउने भन्ने अर्थमा पनि हेरिएको छ । यस नृत्यमा रामलक्षिमण वनजाने कथा भएकाले आमा रुवाउनी पनि भनिएको पाइन्छ ।

यसै गरी यस नृत्यकी मुख्य पात्र मारुनी भएकोले यस खेलकी महारानी पनि भनिएको र त्यसै आधारमा पनि महारानीबाट मारुनी भएको बुझिएको छ । मारुनी नृत्यका मुख्य पात्र मारुङ्गे पुरुषुङ्गेलाई महारानी महाराजको रुपमा पनि भनिएको बुझिन्छ ।

"आइमाईको भेषमा नाच्ने र अरुले गान बजान गर्ने ढटुवारेले स्वाङ पार्ने प्रसिद्ध नेपाली लोकनाँचलाई मारुनी नाँच भनिन्छ (पोखरेल र अन्य, २०५८) ।

मध्यमाञ्चलको पहाडी भागमा मारुनी सिंगारेर नचाउने नाँचलाई मारुनी नाँच भन्ने चलन थियो । मारुनी नाँचमा सोरठी, चरित्र, ख्याली, झ्याउरे र मादल बजाएर नाँचिने चुड्का समेत सम्मिलित गरिन्थ्यो र यसमा सोरठी कथासँग मेलखाने गरी चरित्र गीत गाउने गर्दथे (शाह, २०२९, पृ. ५३) ।

## ४.२ मारुनी लोकनृत्यको परम्परा

नेपाली समाजमा लोकनाटकको प्रचलनलाई हेर्दा यो लोकसाहित्यको निकै प्राचीन लोकप्रिय विधाका रुपमा देखिन्छ । मूलतः लोकनृत्य र लोकगीतबाट आफ्नो आधार निर्माण गरी सर्वसाधारण जनतालाई मनोरञ्जन प्रदान गर्ने उत्तम विधाका रुपमा यसले आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । लिच्छवीकाल, मल्लकाल हुँदै नेपालको एकीकरणका क्रममा लोकनाटकले आफ्नो स्वरुपमा केही परिवर्तन ल्याएको देखिन्छ । विशेष गरी बहादुर योद्धाहरु एकीकरणको अभियानमा लागिरहेको बेला जागरणका भावनाले ओतप्रोत वीररस प्रधान नाँच र गानको प्रचलन थियो । धेरै समय एकीकरणमा लगानी भए पनि बचेको थोरै समय मात्र विशेष गरी चाडपर्वमा सान्त्वना र मनोरञ्जन दिने खालका नृत्य, गायन आदिको प्रयोग गरेको पाइन्छ । आधुनिक नेपालको निर्माण पछि मौखिक परम्पराका रुपमा विकसित हुँदै आएका लोकनाटकलाई नेपाली भाषाका माध्यमबाट विभिन्न व्यक्तिले प्रदर्शन गर्न थाले । यो परम्परा नेपाली भाषामा मात्र सीमित नरही विभिन्न भाषा र समुदायमा पनि नाटक मञ्चन तीव्र हुँदै गयो । लोकजनमानसका हृदयमा रहेका भावनालाई पोख्ने क्रममा विभिन्न गाउँगाउँ र बस्तीबस्तीहरुमा पनि लोकगीत, गाथा र नाट्य संवादको अभिव्यक्ति हुन थाल्यो । विशेष गरी बालुन, सोरठी, मारुनी, घाटु, गोपीनाँच, चरित्र आदि लोकनाटक र अन्य विभिन्न लोकनाट्यको प्रचलन व्यापक रुपमा भएको बुझिन्छ ।


मारुनी लोकनृत्य विशेषतः स्याङ्जा जिल्लामा प्रचलित लोकनाचहरुमध्ये मगरजातिमा सबैभन्दा बढी प्रचलित प्राचीन नृत्य हो । यो नृत्य विशेष गरी सोरठी, रामायण, कृष्णचरित्र आदि गाथामा आधारित देखिन्छ । यस नाँचको विशेषता नै मारुनी सिंगारेर (पुरुषलाई स्त्री बनाएर) नचाउनु हो ।

तुलसी भञ्ज्याङ गा.वि.स. का मगर समुदायमा प्रचलित यस लोकनृत्यको उत्पत्ति र विकास सम्बन्धी ठोस प्रमाण पाइदैन । गुरुपरम्पराबाट एक अर्काले बचाउँदै आएको पाइन्छ । यो पौराणिक कथा रामायणमा आधारित छ । यसको कथावस्तु यसप्रकार रहेको छ ।

## ४.३ मारुनी नृत्यको संरचना

मारुनी नृत्यको संरचनलाई बृक्षरेखामा यसप्रकार देखाउन सकिन्छ ।

**मारुनीको संरचना**




## ४.४ कथावस्तु

अयोध्याका राजा दशरथका तीनवटी रानी रहेका छन् तर ती तीनै कौशिल्या, सुमित्रा र केकईबाट कुनै सन्तान नजन्मदा राजा दुःखी छन् । राजाले आफ्नो दुखेसो गुरु, वैद्यसँग पोख्छन् र पुत्र पाउने ओखती प्राप्त गरी आफ्ना रानीहरुलाई खान दिन्छन् । रानीहरुले ओखती खाएपछि गर्भ रहन जान्छ । एक महिना, दुई महिना हुँदै दशौँ महिनामा कौशिल्याबाट राम, सुमित्रालाई लक्षिमण र केकईबाट भरत चतुरको जन्म हुन्छ । बुडेसकालमा गएर राजालाई पुत्र प्राप्ति भएकाले राजा दशरथलाई मात्र नभएर पूरै अयोध्यावासीलाई ठूलो हरष हुन्छ ।

राम लक्षिमण दिनले, रातले, महिना वर्ष हुँदै समर्थवान् हुन्छन् । राजकुमारहरुले आफ्ना पितासँग आफूलाई धनुष, भाला, कुकुर आदिको माग गर्छन् । पिता दशरथले पनि ती सबै आफ्ना छोराहरुलाई दिन्छन् ।

सेतो कुकुर, रातो कुकुर आदि लिएर राम लक्षिमण सिकार खेल्न भनी वनमा जान्छन् । वनमा बकुल्लाका बगाल देख्छन् र मार्छन् । लक्षिमणले आफूले के कति सिकार खाने घरमा बुबालाई के लगिदिने भन्दै फेरि मृगको बथानै सिकार गर्छन् । लक्षिमणले आफ्ना दाजु रामसँग धेरै काँचो कचिलो सिकार खान नहुने सल्लाह दिंदै वनमा प्यास लाग्यो भने समस्या होला भन्छन् ।

सिकार खेल्ने खाने क्रममा रामलाई असाध्यै तिर्खा लाग्छ । उनी लक्षिमणलाई पानी खोज्न लगाउँछन् । लक्षिमण निउवा, कदम्व आदिको रुखमा चढेर टाढाटाढासम्म पानी हेर्छन्

तर उनलाई कते पानी नजर पर्दैन । आफूले धेरै प्रयास गरेको त्यैपनि पानी पाउन नसकेको गुनासो दाजुसँग गर्छन् । रामले लक्षिमणलाई जहाँ हाँस र बकुल्ला हुनन् त्यही पानी हुन सक्छ भन्दै पुनः पानी खोज्न पठाउँछन् । लक्षिमणले पनि त्यसै गर्छन् नभन्दै बकुल्ला, हाँस र पानी बोक्ने पँधेर्नीहरुलाई पनि देख्न पुग्छन् । तिनै पधेर्नीहरुसँग पानीको याचन गरिन्छ । हामी सिकारीलाई पानी देऊ भनेपछि ती पधेर्नीहरुले आफूहरु त कामीकी छोरी भएकाले तिमीहरुलाई कसरी पानी दिऊँ भन्छन् । राम लक्षिमणले तिमीहरु कामीकी छोरीहरु भए, हामी पनि कामीकै छोरा हौँ, तिमीहरु सार्कीका छोरी भए, हामी पनि सार्की कै छोरा भयौं । जसरी भए पनि आफूहरुलाई पानी पिलाउन अनुरोध गर्छन् । त्यसो भए चिनाजानी भएर पानी दिने कुरा तिनीहरुबाट हुन्छ । राम लक्षिमणले आफूहरु अयोध्याका राजा दशरथका छोरा राम र लक्षिमण भएको परिचय दिन्छन् । यसै गरी पधेर्नी मध्येकी बीचकी गोरी पधेर्नीले आफू जनक सिषिकी कुमारी सीता भएको परिचय दिई राम लक्षिमणलाई आफ्नै घर लग्छिन् । राजा जनककी रानीले राजासँग छोरी सीताले पाहुना ल्याएको जानकारी गराउँछिन् । जनकद्वारा यिनीहरु हाम्रै कुटुम्ब हुन् नातेदार र परमेश्वर पनि हुन् भन्दै आफ्नी कन्या सीताको विवाहको लागि निम्तो गर्न सुपारी काट्न लगाउँछन् । चारैतिर उरदी फिराउछन् । राम लक्ष्मणले आफूले कति जन्ती ल्याउने भनी सोध्छन् । साथै कति हात्ती-घोडा ल्याउने त्यस्तै गहना गुरिया कति ल्याउने भन्छन् । राजा जनकले एकलाख हात्ती घोडा जन्ती ल्याउन रामलाई भन्छन् । राम पनि लक्षिमणलाई जन्ती, हात्ती, घोडा, लुगा गहना, तयार पार्न भन्छन् । लक्षिमण त्यसै अनुसार तयारी गर्छन् । कलस्यौली, मड्यौली भरिया थाम, लिङो गाडिन्छ । चदुँवा टाँगिन्छ तोरन बाँधिन्छ र विधिपूर्वक विवाह सम्पन्न भएपछि लावालश्करसहित सबै जन्ती सहित राम लक्षिमण अयोध्यातर्फ लाग्छन् । विवाहमा बडो रमाइलो हुन्छ ।

श्रवणकुमारका आमाबाबु अंधा अंधिनी रहेकाछन् । उनीहरु आफूहरुलाई तीर्थ लैजान आफ्ना छोरालाई आग्रह गर्छन् । श्रवणकुमार कसरी लैजान सक्छु र भन्दा झोकिया बनाएर त्यसमा राखेर काशी आदि तीर्थ लैजान अह्राउँछन् । आफ्ना आमाबाबुलाई लिएर श्रवणकुमार तीर्थ जान भनी हिड्छन् । बाटामा आमाबाबुलाई तिर्खा लाग्छ र पानी ख्वाउन भन्छन् श्रवणले हजूरहरुलाई कहाँ राखेर पानी लिन जाऊँ? जमिनमा राखूँ भने सर्पले पो डस्छ कि आकासमा राखे जटायु लाग्छ कि के गरुँ भन्छन् र रुखमा झुण्डाएर हातमा माटाको मटुलो लिएर पानीको खोजीमा खोलामा पुग्छन् । पानी भर्दा आवाज आउँछ त्यो आवाज सुनेर राजा

दशरथले वाण छोड्छन् । हरिण जस्तो मानेर छोडेको वाण श्रवणकुमारलाई लाग्छ । म त मरें मामा अब यी अंधा अंधिनीलाई सिहार गर भनी प्राण त्याग्छन् । राजा दशरथ पानी लिएर अंधा अंधिनी भएको ठाउँमा पुग्छन् र पानी खाऊ दिदी पानी खाऊ भिनाजु भन्छन् तर उनीहरु पानी खान मान्दैनन् । राजा दशरथ आफूलाई सराप दिएर भएपनि पानी खान भन्छन् । अंधा अंधिनीबाट आफ्नो छोरालाई जसले हानेको छ, त्यसलाई त्यै बाण फर्केर मर्न परोस् भनी सराप दिन्छन् ।

राजा दशरथले त्यो बाण घोटेर नदीमा बगाइदिन्छन् पछि त्यै नदीको माछो दशरथकहाँ पाउरको रुपमा पुग्दछ । राजाले माछा काट्दा बाणरुपी माछाको काँडो बिभ्दछ । राजा आत्तिन्छन् वैद्यलाई डाक्न पठाउछन् । यसै अवस्थामा केकई रानीले राजासँग छलगरेर बाचा बँधाई कौशिलालाई भण्डारबाट निकाली आफै भण्डार्नी बन्छिन् । रामलाई वनवास र भरतलाई राजाइँ प्राप्त हुन्छ ।

राम लक्षिमण वन जान तयार हुन्छन् । लक्षिमणले आफ्नो प्यारो अयोध्यालाई कसरी बिर्सेर जाने होला भन्छन् चिराग, झोली, तुम्वी, गेरुवा कपडा तयार हुन्छन् । जोगीको भेषमा तयार भएका रामसँग लक्षिमणले वन जाने कता हो ? भन्दै पूर्वतर्फ सूर्यले, पश्चिमतर्फ जलले, उत्तरतर्फ हिमालले र दक्षिणमा अउलले दुःख दिन्छ । जिउको अपराध हुने भयो भन्छन् । यसै बेला सीताले पनि सँगै जाने प्रस्ताव राख्छिन् । वनमा अनेक दुःख पाइने हुनाले राम अनेकतरहले सम्झाउँछन् । तर नमानेपछि सँगैलैजान स्वीकार गर्छन् । राम लक्षिमण र सीता वनतर्फ प्रस्थान गरेपछि सबै अयोध्याबासी रामको पछि लाग्छन् । राम भरतलाई बाह्रवर्ष राज्य गर्न भन्छन् र आफूहरु वनतर्फ लाग्छन् ।

वनमा रहदा सीतालाई विभिन्न किसिमका अपशकुन अलच्छिन हुन्छ । गोडाले गोडा कन्याउने, उठी उठी सुप्पो केलाउने, उठेरै केशकोर्ने, नङले सिन्को चिर्ने यस्तो काम सीताबाट हुन्छ जसलाई अलच्छिन मानिएको छ । राम, लक्षिमण र सीता चित्रकुटमा झुपडी बनाएर बस्छन् । सीताको दाहिने आँखो फर्फराउँछ । यसैगरी रामको सपनामा खराउ हराउँछ । सपनाको विचारले लक्षिमण पनि केही अपशकुन हुने विचार गर्छन् ।

रामको पूलबारीमा सुनको मृग आउँछ । मृग देखेर सीतालाई मृगको छालाबाट चोली सिलाउने विचारले राम मृग मार्न जान्छन् तर त्यो मृग मृग नभएर छल्न आएको मात्र हुन्छ । राम भने त्यसलाई मार्न भनेर पछिपछि गएका हुन्छन् । सीताले लक्षिमणलाई

दाजुलाई कहाँ छोडेर आयौ भन्छिन् । लक्षिमणले दाजु मृग मार्न गएका छन् । म घर कुर्न आएँ भन्छन् । सीता कि रामलाई लिन जाऊ कि मलाई सिहार भन्छन् । सीताको यस्तो भनाइ सुनेर लक्षिमणले रेखो काडेर रेखो ननाघ्न भनेर दाजुको खोजीमा जान्छन् । यसै अवस्थामा एउटा जोगी भिक्षा माग्न आउँछ । सीताले बस्न भन्छिन् । तिम्रो घरमा बस्तिनँ भिक्षा देऊ भन्छ । हामी आफै त कन्दमूल खान्छौं तिमीलाई के भिक्षा दिऊँ भन्छिन् । जोगीले तिमीहरु जे खान्छौ त्यही भिक्षा देऊ भन्छ । रेखाभित्रबाट लिन मान्दैन । बाहिरबाट भिक्षा दिन खोज्दा सीतालाई नै रथमा राखेर उडाउँछ । बाटोमा जटायु पंक्षीले दुःखी सीतालाई देखेर बाटो रोकी तिमी कस्की छोरी हौ ? कस्की बुहारी भनी प्रश्न गर्छ । सीताले आफू रामकी पत्नी भएको जानकारी दिन्छन् ।

राम लक्षिमण घर आउँदा आफ्नो घर खाली देखेर दुःखी हुन्छन् । रामले सीतालाई कस्ले लग्यो कहाँ लग्यो कसैको छलमा परिन कि जलमा परिन्, रावणले लग्यो कि बासुकी नागले भन्दै विलाप गर्छन् । खाज्दै जाँदा ऐसेलुको काँडामा सीताको केश देख्छन् । राम ऐसेलुलाई चाँदी जस्तै फुलेस् सुनै जस्ता फलेस् भनेर आशीष दिन्छन् र अगाडि बढ्छन् । बाटामा जटायुसँग भेट हुन्छ । जटाय्युले सबै कुरा सुनाएर प्राण त्याग्छ । देब्रे कान्छी औंलाले जटायुको सति गति गर्छन् ।

लङ्कामा सीता आफूजस्तो अभागिनी कोही नभएको भन्दै रातदिन रामको नाम जपेर बिताउँछिन् । सिसौंको छहारीमा राक्षसनीको पहरामा रात दिन विलाप गर्छिन् । लंकीनी रावणलाई सीतालाई ल्याएर गल्ती गऱ्यौ भन्दै सीतालाई फर्काउन आग्रह गर्छे । रावण लड्न मर्न तयार हुन्छ तर सीतालाई फर्काउन मान्दैन ।

राम लक्षिमणलाई बेलौति टिप्न पठाउँछन् । शिवजीको फूलबारीको रक्षक हनुमान हुन्छन् । लक्षिमणले एक दाना पनि टिप्न नपाउँदै हनुमानले पक्रन्छन् । हनुमान र लक्षिमणको युद्ध हुन्छ । लक्षिमण मुर्छा पर्छन् र राम राम भन्छन् । राम त्यही ठाउँमा आउँछन् । राम शिवसँग अङ्कमाल गर्छन् । यसबाट शिवजीको कुष्टरोग निको हुन्छ । शिवजीको शरीर सफा कञ्चन जस्तो हुन्छ । यस्तो देखेर शिवजीले हनुमानलाई आजैदेखि तिमी रामका भक्त भयौ अब तिमी रामसँगै जाऊ भनी पठाउँछन् । हनुमान माफी माग्छन् र रामको भक्त बन्छन् ।

सीताको खोजी गर्ने तैयारी हुन्छ । हनुमानलाई अङ्गुठी चिनो दिएर सात समुद्र पारि पठाइन्छ । बाटामा राक्षसले बाधा पुऱ्याउछ त्यसबाट बच्दै हनुमान अगाडि बढ्छन् । बाटामा मितबासँग भेट हुन्छ कुराकानी हुन्छ । त्यसपछि हनुमान लङ्काको एउटा पधेरामा पुग्छन् र सीताको घैटोमा औंठी खसाल्छन् । सीताले पानी सार्दा औंठी पाउँछिन् । सीताले यहाँ कोही भए बोल भन्छिन् । हनुमान र सीताको भेट परिचय भलाकुसारी हुन्छ । हनुमान फल खान आज्ञा माग्छन् । सीताबाट आज्ञा पाए पछि फल खान्छन् साथै बगैचा पनि नष्ट गर्छन् । त्यहाँ कुर्न बसेका राक्षसहरुलाई मार्छन् । अनेक राक्षसहरु हनुमानलाई छोप्न आउँछन् भने उता रावणबाट विभिषणलाई देश निकाला गरिन्छ । विभिषण रामको शरणमा जान्छन् । आखिरमा हनुमान मेघनाथको पासोमा बाँधिन्छन् । कुम्भकर्णलाई जगाइन्छ ऊ अच्छिमै खाएँ बच्छिमै खाएँ यो झुसेवादरलाई के राखौला भन्छ । हनुमानको पराक्रम देखेर रुन थाल्छ । हनुमान पुच्छरमा आगो लगाइ देऊ म आफै मर्छु भन्छन् । हनुमानको पुच्छरमा कपडा बाँधेर तेल राखी आगो लगाइन्छ । हनुमानले लङ्का दहन गर्छन् र समुद्रमा गएर पुच्छर चोभ्छन् र राम भए ठाउँ पुग्छन् । समुद्रमा पुल हालिन्छ र युद्ध हुन्छ । युद्धमा लक्षिमण घाइते हुन्छन् । हनुमानले हिमालयबाट ओखती ल्याउँछन् र ख्वाइन्छ । लक्षिमणलाई निको हुन्छ । फेरि घमासान युद्ध हुन्छ । रगतको भलले समुद्र छुन्छ । लक्षिमणको वाणले मेघनाथ ढल्छ । लङ्काको सर्वनाश देखेर रावण लड्न आउँछ उसको एउटा सिर काटे अर्को सिर पलाउँछ । विभिषण रामलाई सिर नथप्न भन्छन् नाभीमा वाण हान्न लगाउँछन् र रावण पनि ढल्छ । मूर्छित परेको रावणले हे राम तिम्रै हात मेरो मरण रहेछ भन्छ । राम लक्षिमणलाई रावणसँग उपदेश लिन पठाउँछन् । रावण लक्षिमणलाई स्वर्गमा जाने सुनको भऱ्याङ बनाऊ, मेरो जस्तै शासन चलाऊ भन्छ । लक्षिमणले खै के उपदेश दियौ मुखभरि झारपात खाऊ भन्छन् । रावणको पनि मृत्यु हुन्छ । रामले लङ्काको राज्य विभिषणलाई वुझाएर आफूहरु सबै अयोध्या फर्कन्छन् ।

## ४.४.१ कथावस्तुको संरचन

मारुनी लोकनृत्य पौराणिक गीति कथामूलक नृत्य हो । यसको उपर्युक्त कथावस्तुमा स्थानीय रङ्ग समेत पाइन्छ । कथावस्तु पौराणिक रामायणको कथालाई समेट्दै अगाडि बढेको देखिन्छ । मारुनी नृत्यको कथावस्तुलाई संस्कृत साहित्यका पाँचवटा कार्यावस्थाको नियम अनुसार पनि विश्लेषण गर्न सकिन्छ ।

क) प्रारम्भ :- अयोध्याका राजा दशरथलाई पुत्रको अभाव खटकिनु (पुत्रको कामना गर्नु)

ख) यत्न :- पुत्र प्राप्तिले खुशीयाली छाउछ, विवाह

ग) प्रात्याशा :- राम वनवास, दशरथको मृत्यु

घ) नियताप्ति :- रावणको मृत्यु

ङ) फलागम :- सीताराम भेट, विजय

## ४.४.२ चरित्र

मारुनीका विभिन्न पात्रहरुले कथावस्तुको प्रस्तुतीकरणका क्रममा आ-आफ्नो प्रकारको भूमिका निर्वाह गर्दछन् । पात्रहरुले नृत्य अभिनय एवं प्रस्तुतीकरणमा भूमिका निर्वाह गर्ने आधारमा मारुनीका पात्रहरुलाई मुख्य पात्र र सहयोगी वा सहायक पात्रका रुपमा हेरिएको छ । कथावस्तुलाई हाँक्ने र नृत्याभिनयमा सहभागी हुने गुरुवा र मारुङ्गे तथा पुरुसिङ्गे मारुनीका मुख्य पात्र हुन् । त्यस्तै मुख्य पात्रलाई सहयोग गर्ने मादले भाइहरु गायक सहयोगी, ढटुवारे आदि सहायक पात्र हुन् ।

**१) मारुनीका मुख्य पात्रहरु**

**क) गुरुबाउ (प्रमुख मादले)**

मारुनीको कथावस्तुलाई गेयात्मक रुपमा गाउदै बजाउँदै मुख्य पात्र र सहायक पात्रहरुलाई निर्देशन दिने पात्रलाई गुरुबाउ वा मुख्य मादले भनिन्छ । गुरुबाउले नै मारुनी नृत्यको प्रारम्भदेखि अन्त्यसम्म निर्देशक एवं गायकको प्रमुख भूमिका निर्बाह गर्छन् । यिनी मारुनीका विज्ञ हुन्छन् । अतः गुरुबाउ यस नृत्यका मुख्य पात्र हुन् । तुलसीभञ्ज्याङ गा.वि.स. मा हाल मारुनी नृत्यको गुरुबाउको रुपमा ५६ वर्षीय चूरामणि बराल रहेका छन् । उनले मारुनी नृत्यसँग सम्बन्धित सम्पूर्ण ज्ञान आफ्ना पिता स्व. झिलबीर बरालबाट सिकेका हुन् । झिलबीर बरालले स्व. जयन्तबीर बरालबाट सिकेको बुझिन्छ ।

**ख) मारुङ्गे (मारुनी)**

पुरुषलाई नारीको रुपमा सिंगारेर बनाइएको यो पात्र यस लोकनृत्यको आकर्षण हो । यही पात्रको आधारमा नृत्यको नाम पनि मारुनी राखिएको हो । यसलाई यस नृत्यको महारानी पनि भनिन्छ । यसले गुरुबाउको गीत वा गेयात्मक कथावस्तु र मादलको तालमा झुमीझुमी अभिनयात्मक नृत्य गर्दछे । त्यसैले यो पात्रलाई पनि मुख्य पात्रको रुपमा

चिनिन्छ । यस पात्रको भूमिकामा २१ वर्षीय हुम बराल र २२ वर्षीय तुलसी बरालले नृत्य अभिनय गरेका थिए । यी दुवै पात्र हाल बी.ए. मा पढ्दै पनि छन् । यिनीहरुले गुरुबाउ चुरामणि बरालबाट नृत्य अभिनय सिकेका हुन् ।

**ग) पुरुसिङ्गे**

यो पनि मारुनी नृत्यको मुख्य पात्र हो । मारुनीसँग नाँच्ने यस पुरुषपात्रलाई पुरुसिङ्गे भनिन्छ । यसलाई यस नृत्यको महाराज पनि भनिन्छ । मारुनीलाई नृत्यमा साथ दिने मारुनीको जोडी पात्रको रुपमा अभिनयात्मक नृत्य गर्ने पात्र भएकाले यो पात्र पनि यस नृत्यको मुख्य पात्र हो । यो पात्रको अभिनय २० वर्षीय मिलन स्वर्मे र २३ वर्षीय उत्तम बरालले गरेका हुन् । यिनीहरुले पनि गुरुबाउ चुरामणि बरालबाट सिकेको बुझिन्छ ।

**२) मारुनीका सहायक पात्रहरु**

**क) मादलेहरु**

गुरुबाउले निकालेको गीतलाई एवं मादलकोताललाई छोप्ने मादलेहरुलाई साथे वा अन्य मादले भनिन्छ । यिनीहरु ३-४ जनाभन्दा बढी पनि हुन सक्छन् । यिनीहरु सामान्य पोशाकमा रहेका हुन्छन् । अध्ययन गरिएको यस नृत्यमा यी सह पात्रहरुको रुपमा ४५ वर्षीय दलबहादुर बराल (क) ४४ वर्षीय दलबहादुर (ख) ६५ वर्षीय दलबहादुर (ग) रहेका थिए ।

**ख) ढटुवारे**

यो पात्र बीच बीचमा आई मारुङ्गेलाई जिस्क्याउने दर्शकलाई हसाउने यस नृत्यको हास्य पात्र हो । यसको पहिरन पनि हसाउने किसिमको हुन्छ । यसको अभिनय ४० वर्षीय ज्यामी कर्मी काम गर्ने नन्दलाल बरालले गरेका थिए ।

**ग) गायक सहयोगी**

गीत छोप्ने ताली पिट्ने यी पात्रहरुले गीतको श्वर बढाउने हुन्छन् । माइकविना पनि गरिने यस नृत्यमा यिनीहरुको पनि स्थान देखिन्छ । याम बराल, कुलबहादुर बराल, भीमबहादुर बराल, खुमबहादुर बराल देवी सोमैले यसमा सहयोग गरेको पाइन्छ ।

घ)	मुजेर

मादलसँग ताल मिलाएर मुजुरा बजाउने पात्रलाई मुजुरे भनिन्छ । यसको काम ६५ वर्षीय धनबहादुर सोमैले गरेको देखिन्छ ।

### ४.४.३ अभिनयात्मकता

कथावस्तु र पात्र विधान पछि अभिनय पनि मारुनी नृत्यको संरचनात्मक पक्ष हो । मारुनीको गेयात्मक कथावस्तु अनुसार पात्रहरुद्वारा गरिने पक्षलाई अभिनय भनिन्छ । यस नृत्यमा पात्रहरुले (मारुङ्गे पुरुसिङ्गे) गुरुबाउको गीत र मादलको ताल अनुसार आङ्गिक अभिनय प्रस्तुत गर्दछन् यसको मुख्य अभिनय नृत्य हो । यसै गरी सङ्गीतलाई लोकनाटकको आत्मा मानिएको छ । मारुनीमा जोर मादलयुक्त सङ्गीतको प्रयोग गरिएको पाइन्छ । अन्य लोकनृत्यमा अन्य ठाउँमा विनामादलको ताल नाचिए पनि तुलसी भञ्ज्याङ गा.वि.स. मा भने विनामादल मारुनी नाँचिदैन मादलको साथमा मजुरा बजाउदै मारुनी नाँचिने भएकाले यसको सङ्गीत भनेको मादल, गेयात्मक लय, चाप र मजुरा आदि हुन् । अतः साङ्गीतिक अभिनयात्मकता पनि मारुनीको महत्वपूर्ण संरचना हो ।

### ४.४.४ भेषभूषा

तुलसीभञ्ज्याङ गा.वि.स. मा नाचिने यस मारुनीमा परम्परागत संस्कृति झल्काउने चौबन्दी मखमली चोलो, पछ्यौरा, पटुका आदि पहिरनका साथै घाँघर गुन्यूका साथमा कण्ठी (ठूलोपोते) पोते चुरी माला आदि गहना लगाउने हुनाले शिल्पविधानमा तडकभडक तथा आडम्वर हुँदैन । पुरुषपात्र पुरुसिङ्गेको पोशाक पनि टाउकामा फेटा, भोटो र स्टकोट काँधमा मजेत्रो आदि परम्परागत नै रहेको पाइन्छ । पहिला मारुनी पुरुसिङ्गे पात्रका खाली खुट्टा नाचिने परम्परामा भने सुधार गरिएको पाइन्छ । यसै गरी मारुङ्गेको शिरमा मुकुटबिना पनि नाँचिएको पाइन्छ ।

### ४.४.५ भाषा शैली

लोकसाहित्यका सवै विधाहरुमा लोकभाषाको प्रयोग भएको पाइन्छ । तुलसीभञ्ज्याङ गा.वि.स. मा नाचिने मारुनी नाँचमा पनि स्थानीय लोक भाषाको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ ।

पहिलय - पहिला

हामु - हामी

पुरवय - पूर्व

औतार - अवतार

माहादेउ - महादेव

तमु - तिमी

ओखती - औषधी

गरिभै - गर्भ

हरिषै - हर्ष खुशी

बालै - छोरा-नानी

बाबै - बुबा

फाइदेऊ - फुकाइदेऊ

तितरी - तित्रो-चित्रो चरो

समरथ - समर्थवान्

लक्षिमण - लक्ष्मण

उपदेश - पत्तो

पँधेर्नी - पानीबोक्ने आइमाई

ऐह्यारी - सिकारी

प्रमेश्वर - परमेश्वर

भयै - भाइ

दिदै-भेर्ने - दिदी भिनाजु

दह्यो - पोल्यो

जिहारा - ज्यान

भिखिया - भिक्षा

लत्ता - कपडा

बरियाँत - जन्ती

सुरय - सूर्य

दुबार - द्वार, ढोका

जैसो - जस्तो, जस्तै

उपर्युल्लिखित स्थानीय भाषाको प्रयोगले मारुनी नृत्य हृदयस्पर्शी र रोचक भएको छ । मारुनीमा स्थानीय भाषाका साथै प्रश्नोत्तरात्मक दोहोरी शैलीको पनि प्रयोग पाइन्छ ।

जस्तै :-

१) हो ! कति ल्याऊँ हात्ती र घोडा कति ल्याऊँ जन्ती बरियाँत
हो ! एक लाख हात्ती र घोडा हो हो ! एकै र लाख जन्ती बरियात ।
हो ! कति र ल्याऊँ गहना गुरिया कति ल्याऊँ लत्ताकपडा
हो ! सिरै पाउ गहना गुरिया हो ! हो ! सिरै पाउलत्ता कपडा ।

२) कोनैवर जाऊँ दाजै वनि र वास
पुरवै वर जाऊँ भने हो ! सुरपले छेकैला सुरयको लागैला दोष
पक्षिमैवर जाऊँ भने जलैले छेकैला जलैको लागैला दोष
दक्षिणैवर जाऊँ भने अउलले छेकैला अउलको लागैला दोष ।
मेरा दाजै जिहाराको भयो अपराध ।

३) काहाँबाट आवैला लटेजोगी अलकै जगाई
पूर्वैबाट हो आवैला जोगी अलकै जगाई
हामु त खान्छौ कण्ड र मुल कहि भिखिया दिऊँ हामुले
जो जो भिखिया खावैला माई सोही भिखिया देऊ हामुलाई ।

४) हो ! कसके हौ चेली बुहारी कसले हौ तमुनारी
हो ! दशरथके चेली वुहारी उनै परभूके नारी ।

उल्लिखित लोकभाषाको प्रयोग र प्रश्नोत्तरात्मक प्रस्तुतीकरणले यहाँको मारुनी नाँचको विशिष्टता देखाउँछ ।

## ४.५ मारुनी लोकनृत्यको विशेषता

प्राचीन समयदेखिनै मानव हृदयका हर्ष, विशादजन्य अनुभूतिको अभिव्यक्तिका रुपमा मौखिक परम्परामा विकसित हुँदै आइरहेको लोकसाहित्य हाम्रो अमूल्य निधि हो । यसले लोकजीवनका धर्म, संस्कृति र परम्परालाई बोक्दै एक पुस्तादेखि अर्को पुस्तासम्म लैजाने काम गर्दछ । त्यसैले लोकनाटकमा जनजीवनको प्रतिच्छाया फेला पर्दछ । यस विधामा केही काल्पनिकता र पौराणिकताको सन्निवेश पनि भएको हुन्छ । यसका साथै रचयिता अज्ञात हुनु, सामाजिक सन्दर्भ हुनु, सरल र सहज एवं सुकोमल अभिव्यक्ति पाइनु, लोकसंस्कृतिको

अङ्ग बन्नु आदि जस्ता लोक साहित्यका विशेषताहरुका साथ साथै अति प्राचीन पौराणिक गाथा रामायणसँग जोडिएकाले पनि मारुनी नृत्यका विशेषताहरुलाई निम्न बुँदाहरुका आधारमा प्रस्तुत गर्न सकिन्छ ।

### ४.५.१ मङ्गलगान

मारुती लोकनृत्य सुरु गर्दा सबभन्दा पहिले तेत्तीसकोटी देवताहरुको पूजा आराधना गरिन्छ । दीयो बाल्ने ध्वजा काटेर आफ्ना देवी देवता आदि सम्झने पनि गरिन्छ । सरस्वतीको वन्दना गीत गाएर नृत्यको सुरुवात गर्ने चलन छ । यसलाई हेर्दा हाम्रो समाजमा विवाह, ब्रतबन्ध, सप्ताह, एकाह आदि विशेष अनुष्ठानमा जुन रुपमा आफ्ना देवी देवतालाई सम्झिन्छ, त्यही महत्व यसमा दिइएको पाइन्छ । यसरी नृत्यको प्रारम्भमा गरिने पूजालाई मङ्गलगान भनिन्छ ।

### ४.५.२ आनुष्ठानिकता

मारुनी लोकनृत्य आनुष्ठानिक तथा संस्कारबद्ध लोकनृत्य हो । यसको प्रारम्भमा दीप जलाउने, सरस्वतीको वन्दना गाउने आदि गरिन्छ । देवीदेवता सम्झेको ध्वजा गुरुबाउको मादलमा बाँधिने गरिन्छ । विशेष गरी नवरात्रको कालरात्रीमा कालीको पूजा आजा गरी सुरु गर्ने र वसन्तपञ्चमीमा पुनः सरस्वतीको पूजा गरेर यसको समापन गर्ने जस्ता आफ्नै किसिमका आनुष्ठानिक पद्धति यसमा रहेको छ । यसरी मारुनीमा शक्तिकी अधिष्ठात्री देवी कालीको पूजा गरी प्रारम्भ र विद्याकी देवी सरस्वतीको पूजा गरी समापन गरिनुले स्थानीय जनतामा देवीप्रतिको विश्वास प्रकट भएको छ ।

### ४.५.३ पौराणिक कथावस्तु

तुलसीभञ्ज्याङ गा.वि.स. मा प्रचलित मारुनी नृत्य मूलतः रामायणको कथावस्तुमा आधारित छ तापनि यसमा प्रशस्त स्थानीय विशेषता पाइन्छन् ।

### ४.५.४ परम्परागत भेषभूषा

यस गा.वि.स. मा आयोजना गरिने लोकनृत्य मारुनीका सबै कलाकारहरु आधुनिक फेसनको छापमा नपरी परम्परागत स्थानीय जातीय, संस्कृति झल्काउने खालका भेषभूषा जस्तै मखमली चोलो, घाँटीमा कंठ पोते, ज्याफर (मुजापरेको गुनियो) पहेंलो पटुका, रैंया

बाला, चुरा, साफा डोरी चौप यसै गरी पुरुसिङ्गेको भेषभूषामा भोटो र स्टकोट टाउकामा फेटा, काँधमा मजेत्रो, कछाड, झिल्के पटुका बिखली (कुण्डल) आदिमा सजिएका हुन्छन् । गुरुबाउको टाउकामा फेटा हुन्छ भने अन्य पात्रहरुको पहिरन सामान्य किसिमको पाइन्छ ।

### ४.५.५ मादलको तालअनुसारको नाच

मारुनी नृत्यमा गीतको बोल र अभिनयवीच त्यति तालमेल भएको पाइदैन । नाँच मादलको तालमा निर्धारित हुन्छ । मादलको बोलहरुले नै नाच्नेहरुलाई विभिन्न तरिकाबाट नाँच्न कर लगाउँछ । मादलको आशयबाट गीतलाई पटक पटक दोहोऱ्याइन्छ । जब मादलको ताल काटिन्छ तब गीत र नाँच एकै साथ रोकिन्छ । प्राय: मादल नरोकिदासम्म गीत दोहोऱ्याइन्छ । साथै यसमा प्रयोग हुने मादल, झ्याली, चाँप र मजुरा आदि पनि लोकबाजाहरु नै हुन्छन् ।

### ४.५.६ पुरुषपात्रद्वारा स्त्रीपात्रको अभिनय

यस लोकनृत्यको निजी विशेषताभित्र पर्ने एउटा पक्ष पुरुषपात्रद्वारा स्त्रीपात्रको रुपसहित अभिनय गर्नु हो । यस नृत्यमा पुरुष पात्रले नारी पात्रको श्रृंगार गरेर अभिनय गर्छन् । विशेष गरी मारुनी ठिटो युवकलाई बनाइन्छ । यसरी पुरुषपात्रलाई सिंगारपटार गरी स्वास्नी मानिस बनाएकोले वा मारुनी सिंगारेर नाचिने नृत्य भएकाले नै यस नृत्यलाई मारुनी नृत्य भन्ने गरिन्छ ।

### ४.५.७ परम्परागत मौलिक अभिव्यक्ति

यस गा.वि.स. मा नाचिने मारुनी लोकनृत्य परम्परागत रुपमा एक पुस्ताबाट अर्को पुस्तमा गुरु परम्परामा मौखिक रुपमा सर्दै जाँदा गीत तथा अन्य पक्षमा समेत मौलिकता थपिदै आएको पाइन्छ । कथावस्तुमा पनि पौराणिक रामायणको भन्दा केही भिन्न र सरल स्वाभाविक जीवन सुहाउदा विषयहरु यसका मौलिक एवं रोचक विशेषता मानिन्छ ।

### ४.५.८ अनौपचारिक रङ्गमञ्च

तुलसीभञ्ज्याङ गा.वि.स. मा नाचिने मारुनीनृत्य घर, आँगन, चोक, मठ, मन्दिर, मेलाजात्रा, उत्सव भएका ठाउँमा खुल्ला रुपमा नाचिन्छ । यसको लागि कुनै सजधजयुक्त औपचारिक रङ्गमञ्चको आवश्यकता पर्दैन । अत्यन्तै आडम्बर विहीन खुला आँगन यसको

लागि पर्याप्त हुन्छ । यसकारण यसको आयोजन सरल र कम आर्थिक लगानीबाट सम्पादन हुने गर्छ ।

### ४.५.९ धर्म तथा संस्कृतिमूलक जनजीवन

लोकधर्म, लोकाचार वा लोकविचारलाई प्रस्तुत गर्ने क्रममा मारुनी नृत्यले पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । मानिसका अन्तर्मनमा रहेका धार्मिक भावनालाई यस लोकनाँचका माध्यमबाट अभिव्यक्ति गरिएको पाइन्छ । मारुनीको प्रचलन रहेका जातिहरुमा विषयवस्तुलाई प्रस्तुत गर्ने क्रममा आ-आफ्ना धार्मिक परम्परा वा संस्कृति अनुरुप देवी देवताहरुको पूजा अर्चना आदिलाई प्रस्तुत गरेको पाइन्छ । परम्परागत लोकनृत्य मारुनीमा विद्यमान धार्मिक स्वरुपले लोकधर्मका निम्न प्रचलनलाई चित्रण गरेको छ ।

क) लोकधर्म

ख) लोकविश्वास

**क) लोकधर्म**

लोकधर्म जनजीवनको आस्था एवं निष्ठाको प्रतीक हो । लोकाचार र लोकविचारको समन्वित रुप लोकधर्ममा पाइन्छ । जीवनमा प्रचलित रीतिरिवाजलाई लोक धर्मकारुपमा लिइन्छ (मोतिलाल पराजुली, लोकसाहित्य सोपान, पोखरा, पृ.ना.क्या. २०४८, वर्ष १, अङ्क १) ।

संस्कृति र परम्पराका धनी मगर समुदायको कलाको रुपमा वा प्रचलनको रुपमा रहेको मारुनी नृत्यको सम्पूर्ण कथावस्तुलाई नियाल्दा यसले पौराणिक कथावस्तु भित्र लोक धर्मको चर्चा गरेको पाइन्छ । प्रथमतः धार्मिक अस्थाद्वारा प्रभावित रीतिरिवाज अनुसार मारुनी नृत्यको शुभारम्भ गरिन्छ । देवी देवता सम्झने वत्ती धुप बालेर फूल चढाएर पूजा गर्ने विधि विधान रुपमा नवरात्रको कालरात्रीमा गुरुबाउले देवीको पूजा गर्ने वसन्त पञ्चमीमा नृत्य गरी समापन गरिन्छ । यसरी मारुनीमा समाजमा विद्यमान देव देवताप्रति आस्था एवं विश्वासको भाव झल्केको छ ।

जस्तै :-

पुरवय समझम कविला औतार हा हा ! पक्षिमय समझम माहासागर
हो ! हो ! उत्तरय समझम हो ! ! कैलाश माहादेउ

हा ! हा ! दक्षिणय समभ्रुम हा ! हा ! हो यमै र लोग
हा ! हामु खेलछम हा हेर हामु खेलछम् भई नीच हो ! हो ! रक्षा गरिदेऊ
कालाभैरव समभ्रुम समभ्रुम गोरखनाथ हा ! हामु खेलछम् रक्षा गरिदेऊ
चण्डीकाली समभ्रुम समभ्रुम वागेश्वरी हा हामु खेलछम रक्षागरिदेऊ
तेत्तीसकोटी होतै लिई जाऊ हा ! हा ! नाँचको रथ देवी
हा ! हा ! सिरैमा चढाऊँ हा ! हा ! हामु खेलछम हा हेर हामु खेलछम्

हाम्रो लोकधर्ममा ढुङ्गा, पहाड, पर्वतलाई देवता मान्ने प्रचलन छ । यस नृत्यमा पनि सोही अनुसार हिमचुली, देवचुलीजस्ता उच्च पहाडका देवताका साथै चण्डी, कालाभैरव, वागेश्वरी, काली आदि स्थानीय देवताहरु सम्भिन्छ । यसैले यहाँको मारुनी नृत्यले लोकधर्मलाई पनि समेटेको छ ।

**ख) लोकविश्वास**

सामाजिक मान्यताका रुपमा रहेका र लोक जीवनमा चलिआएका परम्परागत विश्वास र धारणाहरु लोक विश्वास हुन् । अतः लोकविश्वाससँग सम्बन्धित मारुनी नृत्यमा विद्यमान तत्वहरु निम्नानुसार छन् ।

**क) स्वप्नमा विश्वास**

नेपाली लोक समुदाय तथा जनमानसले स्वप्नलाई भावी शुभ तथा अशुभ घटनाका सङ्केतका रुपमा लिएको पाइन्छ । मारुनीको कथावस्तुमा सीताहरुण हुने बेला राम सपनामा खराउ हराएको देख्छन् । यसले नेपाली लोकसमाजमा विद्यमान लोकविश्वासलाई सङ्केत गरेको छ ।

जस्तै :-

लौन किन हो राजै लौन किन हो दाहिने आँखा फुर्फुरायो लौन कि हो
हे मनै डरायो रानी मनै डरायो मेरो पनि सपनीमा खराउ हरायो
क्यै त हुने भो दाजै क्यै त हुने भो सपनीको विचारले क्यै त हुने भो ।

**ख) अलक्षिन लाग्नु**

हाम्रो लोकजीवनमा कतिपय मानव व्यवहारलाई लक्षिन र अलक्षिनको रुपमा हेर्ने चलन छ । मारुनीको कथामा यसको प्रयोग भएको छ ।

जस्तै :-

गोडियाले गोडिया कन्याऊ रानी गोडियाले गोडियाकन्याऊ
एक अलक्षिन कर रानी सीता उठी उठी सुपडी केलाऊ
एक अलक्षिन कर रानी सीता उठी उठी केश कोर
एक अलक्षिन कर रानी नगियाले सिनकी चिर

**ग) मानवेतर प्राणीमा मानवीय व्यवहार**

नेपाली लोकसमाजमा रहेका लोककथाहरुमा झैं यस लोकनृत्यमा पनि मानवेतर प्राणीमा मानवीय व्यवहार पाइन्छ । सीताहरणपछि ऐसेलुलाई आर्शीवाद दिएको जटायु पंक्षीसँग संवाद भएको पाइन्छ ।

जस्तै :-

ऐसेलुको झाँगैमुनि झरिगयो केश हो ! हो ! सीता रानी हरीलग्यो लङकाको देश
आशिकै देऊ दाजै आशिकै देऊ हो ऐसेलुको विरुवालाई आशिकै देऊ
चाँदी जैसो फुले सुनै जैसो फले भलै भल मनुष्य खाला
हो देखेथ्यौ कि कल्लरे भाइ हम्रै सीता देखेथ्यो कि नाई
आकासैमा जटायुराजाले रथही र थम्चायो
हो ! कसके हौ चेली बुहारी कसके हौ तमु नारी ।
भेटैमा भयो दाजै भेटैमा भयो हो जटायु राजासँग भेटै र भयो
राम लक्षिमणलाई सवै कुरा सुनाएर मितबाबै परलोक भइ
देव्रेकान्छी अङ्गुलीले सतिगति गरी लौ त बाबै स्वरिगैको वास

# अध्याय पाँच

## उपसंहार

स्याङ्जा जिल्लाको क्षेत्र नं. ३ अन्तर्गत पर्ने तुलसी भं.गा.वि.स. शिक्षा, स्वास्थ्य, संचार र यातायातको पहुच भएको सुगम गा.वि.स. हो । यस गा.वि.स. मा ब्राह्मण, मगर, घर्ती, दमै र विश्वकर्माजस्ता जातजातिहरुको बसोवास रहि आएको छ । यिनीहरु मध्येको मगर जातिको बसोबास विशेष गरी गाउँको लेकाली भागमा उल्लेख्य रुपमा छ । यिनीहरु यस ठाउँका आदिवासी मानिन्छन् । यिनीहरु जन्म, छैटी, विवाह आदि संस्कारजन्य कर्म एवं विभिन्न चाड पर्वलाई मान्छन् । साथै प्राचीनकालदेखि परम्परागत रुपमा गुरुशिष्य परम्परामा संरक्षित मारुनी नृत्य (ठूलो नाँच) लाई आफ्नो मौलिक एवं विशिष्ट संस्कृतिको रुपमा बँचाउँदै आएका छन् । अतः मारुनी नृत्य यस गाउँका मगर समुदायको धार्मिक, सामाजिक, साँस्कृतिक आस्था सहित मनोरञ्जनको महत्वपूर्ण साधन हो ।

यस गाउँमा प्रचलित मारुनी लोकनृत्य रामायणको कथामा आधारित गीति विशेषतायुक्त नृत्य हो जसमा स्थानीय भाषिक रुप र श्रृङ्गारमा स्थानीय भेषभूषाको प्रयोग भएको देखिन्छ ।

मारुनीको परिचय विभिन्न विद्वानहरुले फरक फरक तरिकाले दिएका भए पनि आमा रुवाउने कथावस्तु भएकोले 'मारुनी', मगर भाषामा मास्त रुङ्गे 'मारुङ्गे' सजाइएकी महिला वा नृत्यकी महारानी 'मारुनी' कै सेरोफेरोमा यसको अर्थ खोज्ने गरिन्छ । यसको मूल कथावस्तु रामायण ग्रन्थको आख्यानमा आधारित भए पनि छुट्टै स्थानीय मौलिक चरित्र पाइनु यसको विशेषता हो । यसको आरम्भ मंगलगानबाट केही आनुष्ठानिक औपचारिकता सहित पुरुषपात्रद्वारा स्त्रीपात्रको अभिनय गरी प्रदर्शित हुन्छ । यो नृत्य विभिन्न ठाउँमा विभिन्न जातिमा प्रचलित रहे पनि यहाँका केही खास विशेषता यसमा पाइन्छन् ।

तुलसी भञ्ज्याङ गा.वि.स. का मगरजातिका प्रचलित मारुनीको प्रारम्भ वन्दनाबाट हुन्छ । जसमा सरस्वतीका साथै पूर्व पश्चिम, उत्तर दक्षिण, स्वर्गलोकमा स्थित देवी देवताहरुको स्तुति गरिन्छ । कथावस्तुको प्रारम्भ राजा दशरथ तीनवटी रानी भए पनि एकैबाट पनि सन्तान नभएको, राजा औषधीको खोजी गर्छन् । औषधीको प्रयोगले

रानीहरुलाई गर्भ रहन्छ । छोराहरु जन्मन्छन् । खुशीयाली छाउँछ । रामलक्षिमण समर्थवान हुन्छन् र शिकार खेल्न जान्छन् । सीतारामको विवाह हुन्छ । राजा दशरथलाई सराप लाग्छ । रामलक्षिमण सीता वन प्रस्थान गर्छन्, वनमा सीताको हरण हुन्छ । सीताको खोजीमा हनुमान लङ्का पुग्छन् । लङ्कादहन हुन्छ । रामरावणको युद्ध भएर रावणको मृत्युपछि विभिषणलाई राज्य दिएर रामलक्षिमण अयोध्या फर्केको कुरालाई कथावस्तु बनाइएको छ । यसै गरी राम लक्षिमण वाण कुकुर, भाला लिएर शिकार खेल्न गएका र तित्रा, मृग, वकुल्लाका वथान मारेको, तिर्खा लागेर पानीको खोजी गर्ने क्रममा पधेर्नीहरुसँग भेट भएको, पधेर्नी सीतासँग घरमा गएको, विवाहको तैयारी गरिएको, सुपारी काट्ने उर्दी फिराउने काम भएको, विवाहमण्डप बनाइएको, केराका थाम चौका चदुँवा तोरन बाँधिएको, जन्ती कलश्यौली-मड्यौली रचिएको र विधिपूर्वक विवाह सम्पन्न भएको केकईले षडयन्त्र गरेको, वनमा सीतालाई अलक्षिन भएको, ऐसेलुलाई आर्शीवाद दिएको, जटायुको अन्तिम क्रिया गरेको लक्षिमण हनुमानको युद्ध भएको जस्ता रामायणको मूल कथावस्तुभन्दा भिन्न सन्दर्भ यहाँको कथावस्तुका मौलिक भिन्नता रहेका छन् ।

मारुनीनृत्यको कथावस्तुको संरचना मूलतः संस्कृत साहित्यको प्रारम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागमको निकट देखिन्छ । यसका मुख्य पात्रमा गुरुबाबु, मारुङ्गे र पुरुसिङ्गे एवं सहायक पात्र मादले, मजुरे, ढटुवारे र गायन सहयोगी रहेका देखिन्छन् । मारुनीको अभिनय मादलको ताल र नृत्यमा आधारित छ । आडम्वर विहीन शिल्पविधान र परम्परागत भेषभूषामा नृत्य गरिने मारुनीले सामाजिक प्रचलनको चित्रण गर्दछ ।

यसमा निम्नकिसिमका लोकभाषाको प्रयोग पाइन्छ । पहिलय, पुरवय, पक्षिमय, हामु, तुम, गोसाइ, गरिभै, हरिषैज, ऐह्यारी, फाइदेऊ, तितरी, बाबै, बालै, सनिसार, मारे, अम्रुत, घैला जस्ता प्रचुर मात्रामा प्रयोग भएका शब्दहरुले स्थानीय भाषिक विशेषतालाई समेटेको छ ।

मारुनी नृत्य संस्कारबद्ध लोकनाटक हो । तुलसी भं.गा.वि.स. का मगर जातिमा प्रचलित यस नृत्यमा सुरुमा सरस्वतीको प्रार्थना गरिनु, धुप, दीप, नैवेद्य, ध्वजा वाँधिनु वडा दशैंको कालरात्रीमा कालीको पूजा गरी आरम्भ गरिनु र श्रीपञ्चमीका दिन सरस्वतीको पूजा गरी विसर्जन गरिनुले धार्मिक विश्वासलाई उजागर गरेको छ ।

तत्कालीन सामाजिक एवं सांस्कृतिक मान्यता प्रकट भएको छ ।

जस्तै :-

आँगन खनाइ दाजै आँगन खनाइ हो राज गुरु पुरोहित मण्डप वनाईं
केराको थाम लिङ्गाको फेरो हो चदुँवा र धागो तोरन
धुप दीप लगन गाँठो सिन्दुर हो छैन अब कुनै अधुरो
गोडा धोय माता पिता जल खाए सबैले सीतारामको भयो विवाह
दुलाहा र दुलही अनुमाइदिये अयोध्यामै लावा लश्कर

उपर्युक्त गीतमा सीतारामको विवाहको झझल्को पाइएको छ । यसमा चदुँवा, ध्वजा, केराको थाम, लगन गाँठो, गोडा धुने जल खाने प्रसङ्गले सामाजिक एवं सांस्कृतिक मान्यतलाई बुझाएको छ ।

मारुनीमा कतिपय प्राचीन व्यवहारिक प्रचलन समेत प्रकट भएको पाइन्छ ।

जस्तै :-

केकईले कुलै गर्‍यो मेरा दाजै केकइले कुलै गर्‍यो
कौशिला सुमित्रालाई बाहिर निकाली केकइले कुलै गर्‍यो
कौशिला सुमित्रालाई बाहिर निकाली केकइलाई उभिया भण्डार ।

प्राचीन कालदेखि सौता सौतीमा देखिने डाह रीस यहाँ पनि प्रकट भएको छ ।

परम्परागत लोक रुढिको प्रयोग हुनु पनि यहाँको मारुनीको विशेषता मान्नुपर्छ ।

जस्तै :- अलच्छिन देखिनु

गोडियाले गोडिया कन्याऊ सीतारानी गोडियाले गोडिया कन्याऊ
उठी उठी सुपडी केलाऊ सीता रानी उठी उठी सुपडी केलाऊ

यसमा गोडाले गोडा कन्याउनु, उठेर सुप्पो केलाउनु, नङले सिन्को चिर्ने कामलाई अलक्षिनको रुपमा लिइएको छ भने यस्तो गर्न नहुने सन्देश वा ज्ञान पनि पाइन्छ ।

मारुनीमा सीताको हरण हुनुपूर्व सीताको दाहिने आँखा फर्फराउनु र रामको सपनामा खराउ हराएको प्रसङ्गले तत्कालीन समाजमा स्वप्न एवं अङ्ग फर्फराउनुलाई शुभ वा अशुभ रुपमा लोक विश्वास रहेको बुझिन्छ ।

जस्तै :-

लौन किन हो राजै लौन किन हो दाहिने आँखा फुर्फुरायो लौन किन हो

हे ! मनै डरायो रानी मनै डरायो मेरो पनि सपनीमा खराउ हरायो

यहाँको मारुनीमा मानवेतर प्राणीमा पंक्षी वनस्पतिमा मानवीयताको आरोप गरेको पाइन्छ । सीताहरण पनि वनस्पतिसँग सीताको बारेमा सोधनी भएको ऐसेलुलाई आर्शीवाद दिएको जटायुबाट सीतालाई रावणले लगेको जानकारी पाइएको जटायुको सति गति गरेको प्रसङ्ग रोचक रुपमा प्रस्तुत भएको छ ।

जस्तै :-

हो ! देखेथ्यौ कि कल्लरे भाइ हम्रै सीता देखेथ्यौ कि नाइ
आशिकै देऊ दाजै आशिकै देऊ हो ! ऐसेलुको विरुवालाई आशिकै देऊ
चाँदी जैसो फुले सुनैजैसो फले भलै भल मनुष्य खाला

मारुनीमा सन्देश पनि प्रकट भएको छ लक्षिमणबाट पानीको खोजी गर्दा कहिपनि पानी नपाइएपछि रामले जहाँ हाँस र वकुल्ला हुनन् त्यही पानी हुने विचार र काँचो कँचिलो खानेकुरा धेरै खान नहुने व्यवहारिक सन्देश पनि यहाँ प्रकट भएको छ ।

जस्तै :-

जहाँ होलन् हाँसै र वकुल्ला उहीनिर होला जलपान
काँचो र कँचिलो धेरै नखाऊ दाजै हो पानीको लागला पियास ।

मारुनी नृत्यको कथावस्तुमा साहित्यका विभिन्न वीर, करुण, श्रृंगार, हास्य आदि रसको निस्पत्ति भएको पाइन्छ ।

वनजङ्गलका पशुपंक्षीको शिकार खेल्दा होस् वा रावण, मेघनाथ (इन्द्रजीत) कुम्भकर्ण लगायत राक्षसहरुसँग वीरतापूर्वक लडेर जितेको प्रसङ्गले वीरताको भाव यसमा प्रकट भएको छ ।

जस्तै :-

गर्ज्यो रावण हो गर्ज्यो रावण घमण्ड र रिसले गर्ज्यो रावण
हे मेरै हातमा हो तीनै लोक चौधै भुवन

पाँचै र कोश शरीर फुलाइ पहाडै वन्यो वीर हनुमान
अच्छिमै खाएँ बच्छिमै खाएँ कठै वरी भुसे वाँदर

यस नृत्यमा रामलक्षिमण वन जाँदा महल शुन्य भएको सीताको हरण पछि सीता एक्लै दुःखी भएर वस्नु परेको प्रसङ्गमा करुणरसको प्रादुर्भाव भएको छ ।

जस्तै :-

शुन्य महल हो देखीमा देखी मलिन भै गइला राम
पछि लागे है दाजै पछि लागे है अयोध्या कै लाल वाल पछि लागे है
सुन्य भयो राजमहल मेरा दाजै बाबा र आमा अलाय र विलाप ।

**श्रृंगारः-**

मारुनीमा राम लक्षिमण शिकार खेल्न जाँदा पँधेर्नीहरुसँग भेट वार्तालापमा श्रृंगारिक भावना प्रकट भएको छ ।

जस्तै :-

देऊ न जलपान गोरी देऊ न जलपान वनै फिर्ने ऐहयारीलाईदेऊ न जलपान
हामी त केटी लोहारकी वेटी कैसे दिऊ जलपान
हामी पनि केटा लोहारैका वेटा जसरिनी देऊ जलपान

यसरी यस लोकनृत्यमा श्रृंगारिक भावना प्रकट भएको छ । साथै जातीयता समेत प्रकट भएको छ ।

स्थानीय जनतालाई मनोरञ्जन गराउने यस नृत्यमा कुम्भकर्णलाई वाँदरले सिध्यायो भन्दा अच्छिम खाएँ बच्छिम खाएँ भुसे वाँदरलाई के राखूला भन्ने प्रसङ्ग एवं लक्षमणद्वारा उपदेश लिएपछि रावणप्रतिको व्यवहारमा हास्य प्रकट भएको छ ।

जस्तै :-

खै के पो दियौ उपदेश रावण मुखभरी भार पात खाऊ ।

यसरी तुलसी भञ्ज्याङ गा.वि.स. मा प्रचलित मारुनी लोकनाटक स्थानीय संस्कृतिको परिचायक हुनुका साथै स्थानीय भाषिक, सामाजिक विशेषताले सजिएको पाइन्छ । यसले लोकसाहित्य तथा यसको मुख्य हाँगो लोकनृत्यलाई जीवन्तता प्रदान गर्न

सहयोग पुऱ्याउँछ । आज विदेशी नाँचहरुको अनुकरण वढिरहेको अवस्थामा एउटै नृत्यका माध्यमबाट विविध सामाजिक, धार्मिक, पौराणिक, स्थानीय एवं जातीय आस्था र विश्वास पाएको स्थानीय जनतालाई एकताको सूत्रमा बाँध्दै प्रशस्त मनोरञ्जन दिन सफल यो लोकनृत्य र यसका लोककलाकारहरुको संरक्षण गर्न सकेमा एकातर्फ लोक संस्कृतिको जगेर्ना हुने देखिन्छ भने अर्कातर्फ विदेशी नक्कललाई केही मात्रामा निरुत्साहित पार्न सकिने पनि हुन सक्छ । तसर्थ पनि महत्वपूर्ण निचोडमा भन्नुपर्दा मारुनी लोकनृत्य मगर जातिको सांस्कृतिक नृत्य हो यो नेपालकै प्राचीन सम्पदा पनि हो । बदलिदो युग र विद्युतीय श्रव्य-दृश्य सञ्चारको प्रभावले विस्तारै यस्ता अमूल्य सम्पदाहरु लोप हुने अवस्थामा पुगेका छन् । नयाँ पुस्ताहरुको अभिरुचि नभएकाले र बूढा पुरानाहरुको असमर्थता एवं मृत्यु हुँदै गइरहेकाले धेरै जसो लोकनाटकहरु लोप हुने स्थितिमा पुगेका छन् । त्यसैले यस्ता लोक नाटक लोकनृत्यको संरक्षण र सम्बर्द्धनको लागि सम्बद्ध निकायबाट यस्ता लोकनृत्यको संरक्षणमा र खोजीमा लागेका व्यक्ति अनुसन्धाता एवं लोक कलाकारहरुलाई प्रोत्साहन गर्नु नितान्न आवश्यक देखिन्छ । साथै आधुनिक प्रविधिको सहयोगले यिनीहरुको अभिलेख तयार पार्ने तर्फ समेत सचेत हुनु पर्छ । यसै गरी आफ्ना पुर्खाहरुको ढुकढुकी राष्ट्रको सम्पत्ति जोगाउने कार्यमा युवाहरुको समेत गहन जिम्मेवारी देखिन्छ । साथै ग्रामीण बुद्धिजीवी र युवाक्लव एवं मगर समाज वा अन्य सबैले यसको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका खेल्नु पर्छ ।

# परिशिष्ट १

## १. मारुनी नृत्यको मूल सामग्री

### सरस्वती वन्दना

१. पहिलय समभ्कम पहिलय समभ्कम सरस्वती माई
हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हो ! हो रक्ष गरिदेऊ ।

२. पुरवय समभ्कम पुरवय समभ्कम कविला औतार
हा ! हा ! पक्षिमय समभ्कम् हा ! हा ! पक्षिमय समभ्कम्
हा ! हा ! हो महाँसागर ।

३. हो ! हो ! उत्तरय समभ्कम हो ! हा उत्तरय समभ्कम हो ! हो कैलाश माहादेउ
हा ! हा ! दक्षिणय समभ्कम् हो हा दक्षिय समभ्कम हा ! हा यमै र लोग ।

४. हा ! हा ! हामु खेलछम् हा ! हे र हामु खेलछम् भई नीच हो रक्ष गरिदेऊ ।
हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम् भई नीज हो रक्ष गरिदेऊ

५. आकासय समभ्कम् आकासय समभ्कम् तारा नौलाख
हा ! हा ! पातालय समभ्कम् पातालय समभ्क हो ! हा वासुकी नाग
भई नीच हा ! हो रक्ष गरिदेऊ ।

६. स्वर्ग लोक समभ्कम् स्वर्गलोग समभ्कम् इन्द्रादिलोग
हा ! हा ! जलैलोग समभ्कम हा ! हा ! जलैलोग समभ्कम्
मत्से वहाह हा ! हो ! हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हा ! हो रक्ष गरिदेऊ ।

७. पशुपति निलकण्ठ, पशुपति निलकण्ठ समभ्कम केदारनाथ
हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हा ! हो रक्ष गरिदेऊ ।

८. कालाभैरव समभ्कम् कालाभैरव समभ्कम् गोरखनाथ
हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम्

भई नीच हो हा रक्ष गरिदेऊ ।

९. चण्डीकाली समभ्रूम् चण्डीकाली समभ्रूम् वाघेश्वरी
हा ! हा हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हो हा ! रक्षा गरि देऊ ।

१०. मादलै बाँघम् भ्याली बाँधम् मादलै बाँधम् भ्याली बाँधम्
हा बाँधम् कथताल हा ! हामु खेलछम् हा हेर हामु खेलछम् ।
भई नीच हो ! हो ! रक्ष गरिदेऊ ।

११. मारुनी बाँधम् पुरुसुङ्गे बाँधम मारुनी बाँधम् पुरुसुङ्गे बाँधम्
बाँधम् सङ्गीसाथ हो हो हामु खेलछम् हो हो हामु खेलछम्
भई नीच हो हो रक्ष गरिदेऊ ।

१२. तेत्तीस कोटी हातै लिई, तेत्तीस कोटी हातै लिई हातै लिई जाऊ
हा ! हा ! नाँचको रथ देवी हा ! हा ! नाचको रथ देवी
हा ! हा ! सिरैमा चढाऊ हा ! हा ! हामु खेलछम् हा ! हेर हामु खेलछम्
भई नीच हो ! हो ! रक्ष गरिदेऊ ।
तमु देवी हो ! हो ! सरस्वती सहारा नै तुम ।
हो ! हरि पुखय देश सूर्यचन्द्र सहारा नै तुम - २
तमु देवी हो ! हो ! सरस्वती सहारा नै तुम
हो ! हरि पक्षिमय देश रिषिश्वर माई सहारा नै तुम - २
तमु देवी .....
हो ! हरि उत्तरय देश हिमालचुली माई सहारा नै तुम - २
तमु देवी .....
हो ! हरि दक्षिणय देश उनै जगन्नाथ सहारा नै तुम् - २
तमु देवी .....

**जन्म खण्ड**

१. दशरथ राजा के तीनवटी रानी एक पुत्र नही

१.१ हो ! हरि दशरथ राजाके तीनवटी रानी एक पुत्र नही
हो ! हरि दशरथ .....

२.	हा ! देऊ न गोसाई देऊ न गोसाई हो ! पुत्र पाउने ओखती देऊ न
हा देऊ न गोसाई देऊ न गोसाई हो पुत्र पाउने ओखती देऊ न गोसाई ।

२.१	हो ! खाऊ न रानी हो खाऊ न रानी पुत्र पाउने ओखती खाऊ न रानी
हो खाऊ न रानी हो .....

२.२	हो खायौं राजै हो खायौँ राजै हो ! पुत्र पाउने ओखती खायौं राजै
हो खायौं राजै हो .....

३.	हा गरिभै रह्यो रानी गरिभै रह्यो कौशिला सुमित्रालाई गरिभै रह्यो
हा गरिभै रह्यो रानी .....

३.१	हा ! हो एकै मास दुवै र महिना गरिभै रह्यो रानी
हा ! हो एकै मास दुवै र महिना गरिभै रह्यो रानी
हो कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.२	हो ! हो दुवै मास तीने र महिना गरिभै रह्यो रानी - २
हो कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.३	हो ! हा ! तीनै मास चारै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.४	हो ! हा ! चारै मास पाँचै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.५	हो ! हा ! पाँचै मास छवै र महिना गरिभै रह्यो रानी - २
हो कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.६	हा ! हो छयै र मास सातै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.७	हा ! हो सातै र मास आठै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.८	आठै र मास नोवै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.९	नोवै र मास दशै र महिना गरिभै रह्यो रानी - २
हो ! कौशिला सुमित्रालाई गरिभै रह्यो ।

३.१० हा ! हो कौशिलालाई रामज्यू सुमित्रालाई लक्षिमण - २

कैकेहीलाई भरत चतुर हा ! कैकेइलाई भरत चतुर

ह ! ह ! केकइलाई भरत चतुर मेरा राजै केकइलाई भरत चतुर

४. हा ! हो यसै दिनमा दशरथ राजालाई हरिषैज भयो

हा ! हो यसै दिनमा .....

४.१ हो ! हरि यसै दिनमा अयुध्या नगरी हरिषैज भयो

हो ! हो ! यसैदिनमा अयुध्या नगरी हरिषैज भयो ।

**बालखण्ड**

१. समरथ भयो रामज्यू लक्षिमण समरथ भयो रामज्यू

१.१ हा ! हो दिनले वढुने, रातले वढ्ने समरथ भयो रामज्यू

१.२ हा ! हो महिनाले बढ्ने वरिषले बढ्ने समरथ भयो रामज्यू

समरथ भयो रामज्यू .....

२. हा ! हा ! देऊ न बाबै देऊ न बाबै

हो हातै खेरि धनुकी देऊ न बाबै

देऊ न बाबै, देऊ न बाबै हो हातै खेरि धउकी देऊ न बाबै ।

२.१ हा ! हो दिउला बालै हो हिउला बालै हो हातै खेरि धनुकी दिउला बाबै

दिउला बालै हो .....

२.२ हो ! हो देऊ न बाबै हो देऊ न बाबै हो हातै खेरि भलथी देऊ न बाबै

देऊ न बाबै हो .....

२.३ हो ! हो ! दिउला बालै हो दिउला बालै हो हातै खेरि भलथी दिउला बालै

दिउला बालै हो .....

२.४ देऊ न बाबै देऊ न बावै हो काँधै भिर्ने ठकुर देऊ न बावै

हो ! देऊ न बावै हो देऊ न बावै .....

२.५ दिउला बालै हो ! दिउला बालै काँधै भिर्ने ठकुर दिउला बालै

हो दिउला बालै हो .....

२.६ देऊ न बावै हो देऊ न बावै छुनु मुनु कुकुर देऊ न बावै

हो देऊ न बावै हो .....

२७. हा ! हो ! दिउला बालै हो ! दिउला बालै हो छुनुमुनु कुकुर दिउला बालै
हो ! दिउला वालै हो ! .....

## सिकार खण्ड

१. हा ! हो ! सेतो कुकुर छुनु र मुनु हाँसरी र बाँससी
हो सेतो कुकुर छुनु र मुनु हाँसरी र बाससी

१.१ हो ! करि रातो कुकुर हो छुनु र मुनु ऐह्यारीको रनमे
रातो कुकुर हो छुनु र मुनु ऐसारीको रनमे

२ फाई देऊ रानी फाई देऊ रानी हो छुनुमुनु कुकुर फाई देऊ रानी फाई देऊ रानी

३. भेट्यौं दाजै भेट्यौं दाजै हो हो तितरी बगाल मऱ्यौ दाजै
भेट्यो दाजै भेट्यो दाजै हो ! .....

३.१ हे ! भेट्यौँ दाजै हो ! भेट्यौँ दाजै हो वकुल्लै वगाल मान्यौ दाजै
भेट्यौँ दाजै हो भेट्यौँ दाजै .....

३.२ के खाऊँ कान खुर के खाऊँ पकुवान के लैजाऊँ के लैजाऊ बाबालाई सिकार
के खाऊँ कान खुर के खाऊँ पकुवान
के लैजाऊ के लैजाऊ बाबालाई सिकार
मेरा दाजै के लैजाऊँ बाबालाई सिकार

४. भेट्यौ दाजै माऱ्यौं दाजै हो ! मिरगु वगाल माऱ्यौ दाजै
भेट्यौ दाजै माऱ्यौं दाजै हो ! .....

४.१ रामले मारे दश र वीष लक्षिमणले मारे पचास्
रामले मारे दश र बीस .....
लक्षिमणले मारे पचास मेराभाइ लक्षिमणले मारे पचास

४.२ काँचो र कँचिलो धेरै नखाऊ दाजै हो पानीको लागला पिपास
पानीको लागला पिपास हो मेरा दाजै पानीको लागला पिपास
काँचो र कँचिलो धेरै नखाऊ .....

## विवाह खण्ड

१. हा ! पानीको लाग्यो पियास लक्षिमण पानीको लाग्यो पियास
पानीको लाग्यो पियास लक्षिमण पानीको लाग्यो पिपास

१.१ निवुवाको डाली चढी हेर भयै पानीको लाऊ उपदेश
पानीको लाऊ उपदेश मेरा भयै पानीको लाऊ उपदेश

१.२ निवुवाको डाली चढी हेरें दाजै पानीको छैन उपदेश
पानीको छैन उपदेश मेरा दाजै पानीको छैन उपदेश ।

१.३ कदमैको डाली चढी हेरें दाजै पानी पानीको छैन उपदेश
पानीको छैन उपदेश मेरा दाजै पानीको छैन उपदेश

१.४ कदमैको डाली चढी हेरें दाजै पानी पानीको छैन उपदेश
पानीको छैन उपदेश मेरा दाजै पानीको छैन उपदेश

१.५ जहाँ होलान् हाँसै र बकुल्ला उहीनेर होला जलपान
उहीनिर होला जलपान लक्षिमण उहीनिर होला जलपान

१.६ देखें दाज्यै हाँस देखें दाज्यै वकुल्ला देखें दाजै पानी पँधेर्नी
हा ! देखैँ दाजै पानी पँधेर्नी दाजै देखें पानी पधेर्नी

१.७ अघिल्लि पधेर्नी पछिल्ली पधेर्नी माझकी हो गोरी दान
माझकी हो गोरी दान लक्षिमण माझकी हो गोरी दान

२. हा ! देऊ न जलपान गोरी देऊन जलपान
हा ! देऊ न जलपान गोरी देऊ न जलपान
हो वनै फिर्ने ऐयारीलाई देऊ न जलपान
हा ! वनै फिर्ने ऐह्यारीलाई देऊ न जलपान

२.१ हामी त केटी लोहारकी वेटी कसरी दिऊँ जलपान
हो ! हामी त केटी लोहारकी वेटी .....

२.२ कसरी दिऊँ जलपान ऐह्यारी कसरी दिऊँ जलपान
हो ! कसरी दिऊँ जलपान ऐह्यारी कसरी दिऊँ जलपान

२.३ हामी पनि केटा लोहारैका बेटा जसरिर्नी देऊ जलपान
जसरिनी देऊ जलपान हो गोरी जसरिनी देऊ जलपान

२.४ हामी त केटी चमारैकी बेटी कसरी दिऊँ जलपान
कसरी दिऊँ जलपान ऐह्यारीलाई कसरी दिऊँ जलपान

२.५ हामी पनि केटा चमारैका वेटा उसै गरी देऊ जलपान
उसैगरी देऊ जलपान हो गोरी उसैगरी देऊ जलपान

३. दिउँला जलपान हामी दिउँला जलपान चिनाजानी भइकन दिउँला जलपान
दिउँला जलपान हामी दिउँला जलपान .....

३.१ दशरथ चन्द्रका राजकुमार दाजुभाइ राम लक्षिमण
दाजु भाइ राम लक्षिमण गोरी दशरथ चन्द्रका राजकुमार
दाजुभाइ राम लक्षिमण हो गोरी दाजुभाइ राम लक्षिमण

३.२ जनक रिषिको म कुमारी सीता हिड अव हाम्रै घर जाम
हिड अव हाम्रै घर जाम रामज्यू हिड अव हाम्रै घर जाम

४. पाहुना पो ल्याई राजै पाहुना पो ल्याई हो ! छोरी सीता जानकीले पाहुना पो ल्याई
पाहुना पो ल्याई राजै पाहुना पो ल्याई हो छोरी .....

४.१ यिनै हुन् प्रमेश्वर यिनै हुन वर यिनै हुन् हाम्रा कुटुम्व
यिनै हुन् हाम्रा कुटुम्व रानी यिनै हुन् हाम्रा कुटुम्ब
हा ! यिनै हुन् प्रमेश्वर .....
हा ! यिनै हुन् हाम्रा कुटुम्व .....

४.२ मिथली भरी उरदी फिराई सीताजीको कन्यादानलाई
सीताजीको कन्यादानलाई मेरा दाजै सीताजीको कन्यादानलाई

४.३ तीनै लोकका देवतालाई सुपारी काटे विवाहको निम्तो मान्नलाई
विवाहको निम्तो मान्नलाई मेरा दाजै विवाहको निम्तो मान्नलाई

५. हो ! हा ! कति ल्याउन हात्ती र घोडा कति ल्याऊँ जन्ती वरियात
हा ! कति ल्याऊ हात्ती र घोडा .....

५.१ हो ! एक लाख हात्ती र घोडाा हो ! हो ! एकै र लाख जन्ती वरियात
हो ! एकै र लाख जन्ती वरियात हा ! रामज्यू एकै र लाख जन्ती वरियात

५.२ हो ! कति ल्याऊँ गहना गुरिया हो कति ल्याऊ लत्ता कपडा
हो ! सिरै पाउ गहना गुरिया हो ! हो ! सिरै पाउ लत्ता कपडा

५.३ रचौं दाजै हो रचौं दाजै हात्ती घोडा वरियात रचौं दाजै

रचौं दाजै हो रचौं दाजै .....

६. हे रचौं दाजै रचौं दाजै लुगा लत्ता गहना रचौं दाजै

रचौं दाजै हो रचौं दाजै लुगा लत्ता गहना रचौं दाजै ।

६.१ रचौं दाजै रचौं दाजै हो ! डाडी दर्वार भरिया रचौं दाजै

रचौं दाजै हो ! रचौं दाजै हो ! डाडी दर्वार भरिया रचौं दाजै ।

६.२ रचौं दाजै रचौं दाजै हो ! कलस्यौली मडयौली रचौं दाजै

रचौं दाजै हो रचौं दाजै हो ! कलस्यौली भड्यौली रचौं दाजै

६.३ रचें भयै मैले रचें भयै हो विवाहको सारा सर्जम रचें भयैं

रनें भयै रचें भयै हो ! विवाहको सारा सर्जम् रचे भयै

६.४ धोजा पटाका दाजै धोजा पटाका झिलिमिलि मिथिल धोजा पटाका

धोजा पटाका दाजै हो ! धोजा पटाका झिलिमिलि मिथिल धोजा पटका

७. आँगन खनाइ दाजै आँगन खनाइ हो राजगुरु पुरोहित मण्डप बनाई

आँगन खनाइ हो दाजै आँगन खनाइ .....

७.१ केराको थाम लिङाको फेरो हो चँदुवा र धागो तोरन

चँदुवा र धागो तोरन मेरा दाजै चँदुवा र धागो तोरन

७.२ धुप दीप सोयम्वर लगन गाँठो सिन्दुर हो ! छैन अव कुनै अपुरो

छैन अव कुनै अपुरो पुरोहित छैन अव कुनै अपुरो

७.३ गोडा धोय माता पिता जल खाए सवैले सीतारामको भयो विवाह

सीतारामको भयो विवाह जगत सीता रामको भयो विवाह

७.४ दुलाहा र दुलही अनुमाइदिये अयोध्यामै लावा लश्कर

अयोध्यामै लावा लश्कर मेरा दाजै अयोध्यामै लावा लश्कर

## श्रवण खण्ड

१. लैजाऊ बालै हो ! लैजाऊ बालै हो ! दुबै अँधा अँधिनीलाई काँशीयलाई

लैजाऊ बालै हो ! लैजाऊ .....

१.१ हे ! कैसे लैजाऊँ बाबै हो ! कैसे लैजाऊँ हो ! दुवै अंधा अंधिनीलाई कैसै लैजाऊँ

हो ! कैसै लैजाऊँ बावै हो ! कैसे .....

१.२ हे ! झोकिया बुन बालै झोकिया बुन हो दुवै अंधा अंधिनीलाई झोकिया बुन हो झोकिया बुन बालै .....

१.३ बाबालाई दाहिने आमालाई देब्रो बिचैमा बालै श्रवण
बिचैमा बालै श्रवण श्रवण विचैमा बालै श्रवण

२. तिरिखै लाग्यो बालै तिरिखै लाग्यो हो ! दुबै अंधा अंधिनीलाई तिरिखै लाग्यो तिरिखै लाग्यो बालै तिरिखै लाग्यो .....

२.१ हे ! काहाँ छोडी जाऊँ म त केमा राखी जाऊँ हो !
हे ! काहा छोडी जाऊ म त के मा राखी जाऊँ हो
दुवै अंधा अंधिनीलाई के मा राखी जाऊँ ।

२.२ जमिनमा राखूँ भने सरिपले डसला आकाशैमा जटायु लाग्ला
आकाशैमा जटायु लाग्ला मेरा बावै आकाशमा जटायु लाग्ला

२.३ वृक्षको डालिमा डोरीले बाँध विचैमा राख श्रवण
विचैमा राख श्रवण बालै हो ! विचैमा राख श्रवण

३. हातै लिई माटैको मटुला खोली धायो वालै श्रावण
हो ! हातै लिई माटैको मटुला .....

३.१ हो ! हरि भुकु र भुकु आवाजै सुनी दशरथ राजाले छाड्यो वान
भुकुमा भुकु आवाजै सुनी दश रथ राजाले छाड्यो वान
हो ! नि राजाले छाड्यो वान दशरथ सजाले छाड्यो वान

३.२ हो ! हरि हरिना झै हो आवाजै मानी श्रवणलाई लाग्यो वान
हरिना झै हो आवाजै मानी श्रवणलाई लाग्यो वान

४. मरें मामै म त मरे मामैं हो पालङ्गीको साग झै मरें मामै
मरें मामै म त मरे मामै हो पालङ्गीको .....

४.१ अंधा र अंधिनी तिमी नै सह्थार हो ! अंधा र अंधिनी तिमी नै सह्यार
म त मरें मामै म त मेरें मामै हो पालङ्गीको साग झै मरेंमामै

५. पानी खाऊ दिदै पानी खाऊ भेनै हो ! पानी खाऊ दिदै पानी खाऊ भेनै
हो ! पछि आउँछन् भानिज पानी खाऊ दिदै .....

५.१ हे ! पानी खाँदैनौं हामी पानी खाँदैनौं हो भान्जै मार्ने पातकीको
पानी खाँदैनौं - २

५.२ पानी खाऊ दिदै पानी खाऊ भेनै एक सराप दिएर पानी खाऊ भेनै
पानी खाऊ दिदै पानी खाऊ भेनै हो एक सराप दिएर पानी खाऊ भेनै

५.३ प्रदोषनलागोस् हाम्लाई प्रदोष नलागोस् हो सोही वान फर्केर मरन परोस्
प्रदोष नलागोस् हाम्लाई प्रदोषनलागोस् हो ! सोही वान फर्केर मरनपरोस्

## अयोध्या खण्ड

१. सोही वान हो ! घोटीमा घोटी समुन्द्रै बहाई
हा ! सोही वान घोटीमा घोटी समुन्द्रै बहाई

१.१ हो ! करि सोही दिन बुनौं हो जालिया त राती मारौं माछिया
हो ! दिन बुनौं जालिया त राति मारौं मछिया
मारिमामारी दशरथ राजालाई पाहुर

१.२ हो ! हरि सोही माछिया हो
सोही माछिया मारिमा मारी दशरथ राजालाई पाहुर

१.३ हो ! हरि सोही माछिया हो काटीमा फारी अङ्गुलीमा बिभ्म्यो वान
सोही माछिया हो काटीमा फारी अङ्गुलीमा विभ्म्यो वान

२. दह्यो रानी मेरा दह्यो रानी हो । अङ्गुलीमा वानै विभ्म्यो दह्यो रानी
दह्यो रानी मेरा दह्यो रानी हो अङ्गुलीमा वानै विभ्म्यो दह्यो रानी

२.१ वैदै बोलाई ल्याऊ रानी वैदे वोलाई ल्याऊ हो ! सैयानय पाखेलाई
वेदै बोलाई ल्याऊ रानी वेदै ल्याऊ हो ! सैयानय पावे लाई

२.२ एकाली वाचा दुवाली वाचा वाचै बाँधम् तीनै तेवली
एकाली वाचा दुवाली वाचा .....
मेरा राजै वाचा बाँधम् तीनै तेवली

३. केकईले कुलै गऱ्यो मेरा दाजै केकईले कुलै गऱ्यो
केकईले कुलै गऱ्यो .....

३.१ कौशिला सुमित्रालाई बाहिर निकालीकेकईले कुलै गऱ्यो
केकईले कुलै गऱ्यो मेरा दाजै केकईले कुलै गऱ्यो

३.२ कौशिला सुमित्रालाई बाहिर निकाली केकईलाई उभिया भण्डार
केकईलाई उभिया भण्डार मेरा दाजै केकईलाई उभिया भण्डार

४. श्री राम लक्षिमणलाई लेख्यो वनिवास भरथलाई दियो रलाई
श्री राम लक्षिमणलाई लेख्यो .....

४.१ हातै लिय होः खरी पाती चतुर भोजैले लेख्यो
हातै लिय हो खरी पाती चतुर भोजैले लेख्यो

४.२ भित्रै पसे हो ! रामै चन्द्र लक्षिमणले देख्यो
हो भित्रै पसे हो रामै चन्द्र लक्षिमणले देख्यो ।

## बनिवास खण्ड

१. जाम दाजै वनि र वासै छुटे हमारे नगरी हो
जाम दाजै बनि र वासै ...
मेरा दाजै हो छुटे हमारे नगरी ।

१.१ हो ! हरे कैसे गरी हो विरसौं दाजै अयुध्याको नगरी
हो ! कैसे गरी .....

२. तमुदाजै श्रीराम लकडी भँचाई हो ! हो ! हमु भयै चिराक जलाई
तमु दाजै श्रीराम लकडी ...

२.१ चिराक जलाई टुम्वी खोलाई हो ! झोलिया सिलाई - २
ह ! तमुदाजै श्रीराम टुम्बिया खोलाई हमु भयै लक्षिमण झोलियासिलाई - २

२.२ चिराक जलाई गेरुवा गुदाई हो ! हो ! बेभस्थी लगाई - २
तमु दाजै श्रीराम गेरुवा गुदाई हो हतु भयै लक्षिमण हो बे अस्थी लगाई - २

२.३ जोगियाको भेष जोगियाको भेष हो ! हो ! जोगियाकै भेष - २
तमुदाजै श्रीराम अलकै जगाई हो हो हमु भयै लक्षिमण हो झेलिया थपाई - २

३. कोनै वर जाऊँ दाजै वनि र वास
हा ! कोनै वर जाऊ दाजै नि र वास

३.१ पुरवै वर जाऊँ भने हो सुरयले छेकैला सुरयको लागैला दोष - २
मेरा दाजै जिहाराको भयो अपराध हो ! मेरा दाजै जिहाराको भयो अपराध
कोनै वर जाऊँ दाजै वनि र वास ।

३.२ पक्षिमै वर जाम भने हो जलैले छेकैला जलैको लागैला दोष -
मेरा दाजै जिहाराको भयो अपराध हो मेरा दाजै जिहाराको भयो अपराध
कोनै वरजाऊँ .....

३.३ उत्तरै वर जाम भने हो हिमालले छेकैला हिमालको लागैला दोष - २
मेरा दाजै जिहाराको भयो अपराध हो ! मेरा
कोनै वर जाऊँ ...

३.४ दक्षिणै वर जाम भने अउलले छेकैला अउलको लागैला दोष - २
मेरा दाजै जिहाराको ...
कोनै वर जाऊँ ...

४. जान्छु म पनि राजै जान्छु म पनि स्वामीसँगै वेनैमा जान्छु म पनि - २
स्वामीसँगै वनैमा जान्छु मपनि .....

४.१ हे जान्छु वनैमा राजै जान्छु वनैमा सिरैको स्वामीसँग जान्छु वनैमा - २
स्वामीसँग वनैमा जान्छु म पनि .....

५. घर हिंड हो रानी घर हिंड हो ! वन नजाऊ हे वन र दुःख पावैनी घर हिंड हो !-२

५.१ सुरयको जोतिले सिरै पोल्यो हे वन र दुःख पावैली घर हिंड हो - २
घर हिंड हो रानी ...

५.२ अगनीको राफैले पावै पोल्यो हे वन र दुःख पावैली घर हिंड हो - २
घर हिंड हो रानी ...

६. वन नजाऊ हे वन नजाऊ वन र दुःख पावैली घर हिंड हो -२

६.१ पछि लागे है दाजै पछि लागे है हो अयुध्याकै लाल बाल पछि लागे है -२

६.२ बाबा र आमा अलाप र विलाप हो सुन्य भयो राज महल - २
सुन्य भयो राज महल बेरा दाजै बाबा र आमा आलाप र विलाप
हो सुन्य भयो राज महल .....

६.३ खडाउ लैजाऊ साथैमा सेवा गर बाबाको बाह्रै वर्ष राज्य गर भाइ - २
बाह्रै वर्ष राज्य गर भाइ, भरत बाह्रै वर्ष राज्य गर भाइ ।

७. गोडियाले गोडिया कन्याऊ सीता रानी गोडियाले गोडिया कन्याऊ - २

७.१ एक अलक्षिन कर रानी सीता उठी उठी सुपडी केलाऊ - २
उठी उठी सुपडी केलाऊ सीतारानी उठी उठी सुपडी केलाऊ

७.२ एक अलक्षिन कर रानी सीता उठी उठी केश कोर - २

उठी उठी केश कोर सीता रानी उठी उठी केश कोर ।

७.३ एक अलक्षिन कर रानी सीता नगियाले सिनकी चिर - २

नगियाले सिनकी चिर सीता रानी .....

८. आयौं दाजै आयौं दाजे घरै छाडी डाँडै काटी आयौं दाजै - २

८.१ हे बसौं दाजै हो वसौं दाजै हो चित्रकुट मैदानमा बसौं दाजै - २

८.२ हे ! बनाऊँ दाजै हो बनाऊ दाजै हामी बस्ने झुपडी बनाऊँ दाजै - २

८.३ हे ! बनाऊँ दाजै हो बनाऊँ दाजै हो फूल राख्ने फुलवारी बनाऊँ दाजै - २

८.४ हे आनन्दै बित्यो दाजै आनन्दै बित्यो हो जङ्गलको महलैमा वारषौं वित्यो - २

९. लौन किन हो राजै लौ न किन हो दाहिने आँखा फुर्फुरायो लौन कि न हो - २

९.१ हे ! मनै डरायो रानी मनै डरायो मेरो पनि सपनीमा खडाउ हरायो - २

९.२ क्यै त हुने भो दाजै क्यै त हुने भो हो ! सपनीको विचारैले क्यै त हुने भो - २

१०. हा ! हे रामज्यूको फूलैवारी सुन हरिनाले खाई

हे ! रामज्यूको फूलैवारी सुन हरिनाले खाई

१०.१ फूल नही खावैला पात नही छोवैला - २

११. सुन हरिना हो मारीमा माटी सीता रानीलई चोलिया - २

११.१ हरिना त हो नही होला छल नै पो आई हरिना त हो नही होला

छलनै पो आइ हरिना त हो नही होला छल नै पो आई ।

१२. तुम त आवैला देवर गोसाई दाजैलाई काहा छोडीया - २

१२.१ दाजै त गय हरिनाको पछि हामु आयौं घरै रखवार - २

१२.२ किजाई ल्याऊ रामैचन्द्र कि हामी सीतालाई सह्यार - २

१३. हो ! बस माई रेखो नाघी जोगियालाई भिखै नदिया - २

१३.१ बस माई हो यो रेखो नाघी हो ! हो ! जोगियालाई हो भिखै नदिय

हा वस माई रेखो नाघी जोगियालाई भिखै नदिय

१४. कहाँबाट आवैला लटे जोगी अलकै जगाई - २

१४.१ पूवैबाट हो आवैला जोगी अलकै जगाई - २

१५. बस जोगी बस जोगी आजको दिन वस जोगी - २

१५.१ बसवैन माई म त बसवैन माई तुमारय गृहमा बसवैन माई - २

१५.२ देऊ न भिखिया माई देऊ न भिखिया परदेशी जोगीलाई देऊ न मिखिया - २

१५.३ हामु त खान्छौं कण्ड र मुल काहे भिखिया दिऊँ हामुले
कही भिख दिऊँ हामुले वावा हामु त खान्छौ कण्ड र मूल
काहे भिखिया दिऊ हामु त खान्छौ कण्ड र मूल

१५.४ जो जो भिखिया खावैला माई सोही भिखिया देऊ हमुलाई - २
सोही भिख देऊ हमुलाई माई सोही भिखिया देऊ हमुलाई

१५.५ हे लेऊ भिखिया वावै लेऊ भिखिया सुनालय थालियैमा लेऊ भिखिया - २

१५.६ कि छोड देखो बूढी अङ्गुठाले नैर भने सराप दिउँला - २
नै र भने सराप दिउँला भाई नैर भने सराप दिउँला ।

१६. लङ्काको हो ! रावणे राजाले रथ ही चलायो - २

१६.१ रोइमा रोई श्रीरानी सीतालाई रथही र चलायो - २

१६.२ आकाशैमा हो ! रोवैला त को हो भनी सोधैला - २

१६.३ आकाशैमा हो ! जटायु राजाले रथही र थमायो - २

१६.४ लङ्काको हो ! रावणेराजले अग्निवाण छोडैला - २

१७. हौ कसके हौ चेली बुहारी कसके हौ तमु नारी - २

१७.१ हो दशरथके चेली बुहारी उनै परभुको नारी - २

१७.२ हो जाई कहो हो हनुतारे उनै परभुको नारी - २

१८. सुन्य महल हो देखीमा देखी मलिन भै गइला राम - २

१८.१ उघारै दुवार हरिवङ्ग आँगन मालिन भै गईला राम - २

१८.२ साथै हिडायो कसले साथै हिडायो हो ज्ञानी गुनी सीतालाई कसले हिडायो - २

१८.३ छलैमा परिन् कि जलैमा परिन् कतै वन बिच परिन् - २
कतै वन विचै परिन् कि सीता कसै वन विच परिन कि

१९. हो देखेथ्यौ कि कल्लरे भाइ हम्रै सीता देखेथ्यौ कि नाइ - २

१९.१ कि त लग्यो लङ्कापति रावण हो ! हो ! कि र लयो बासुकी नाग - २

१९.२ ऐसेलुको झाँगे मुनिझरि गयो केश हो ! हो ! सीता रानी हरी लयो लङ्कै को देश-२

१९.३ आशिकै देऊ दाजै आशिकै देऊ हो ऐसेलुको विरुवालाई आसिकै देऊ - २

१९.४ चाँदी जैसो फुले सुनै जैसो फले भलै भल मनुष्य खाला - २
भलै भल मनुष्य खाला लक्षिमण भलैभल मनुष्यै खाला

१९.५ भेटैमा भयो दाजै भेटैमा भयो हो जटायु राजासँग भेटैर भयो - २

१९.६ राम लक्षिमणलाई सवै कुरा सनाई मित वावै परलोग भई
मित वावै परलोग भई दाजै राम लक्षिमणलाई सवै कुरा सुनाइ
मितवावै परलोग गई .....

१९.७ देब्रे कान्छी अङ्गुलीले सति गति गरी लौत बाबै स्वरिगै को बास
लौ त वावै स्वरिगैको बास लौ त बाबै स्वरिगैको वास

१. हो मई जसो अभाग्गीनी कुनै सनीसार नाई ।

१.१ एक अभाग्गीनी करिमको खोटी, हो हो दुसरई अभागिनी
आडै भारी । हो मई जसो .....

२. हो परभुको नामै र जपी वित्यो रात दिन ।

२.१ छहारी मेरो सिसौको बोट, हो हो दैत्यनी मेरो पाले पहरा ।
हो अलापैर, विलापै गरी वित्यो रात दिन
हो परभुको .....

३. पिरै र पऱ्यो राजै पिरै र पऱ्यो, हो महारानी लंकिनीलाई पिरैर पऱ्यो ।

३.१ हे विरमै गऱ्यौ राजै विरमै गऱ्यौ हो देवी सीता रानी हऱ्यौ

३.२ हे सीता फिराइदेऊ राजै सीता फिराइदेऊ हो
रामज्यूको सरनमा सीता फिराई देऊ ।
हे सीता फिराइदेऊ .....

३.३ हे देख्न नपरोस् राजै, देख्न नपरोस् लंकाको दुर्गति ।
देख्न नपरोस् ...........

४. गर्ज्यो रावण हो, गर्ज्यो रावण, घमण्ड र रिसले गर्ज्यो रावण

४.१ हे मेरै हातमा हो, मेरै हातमा तीनै लोक चौधै भुवन
मेरै हातमा हो .....

४.२ हे परे मरन वरु परे मरन सवै संसार जिती सकें रामको सरन
परे मरन बरु ...

१.	जाऊ न भयै लक्षीमाण अम्रुतैज ल्याउन हो जाऊ न भयै लक्षीमण

१.१	रखवीर हो हुनन् भने, मागी छानी ल्याउन
जाऊन भयै लक्षीमाण अम्रुतैज ...

१.२	रखवारे हो नहिभये दामै धरी ल्याऊन
जाऊन भयै लक्षीमाण अम्रुतैज ...

२.	शिवज्युको फुल्वारीमा रोजी रोजी फल
हो हो वोलनै नपाउँदै झम्त्यो हनुमान

२.१	झम्त्यो हनुमान झम्त्यो हनुमान हो हो झम्त्यो हनुमान
लक्षीमाण हनुमान युद्ध भयो हो हो भयै मेरा लक्षीमाण हो
मुरुछा पऱ्यो ।

३.	राम राम हो बोलैला लक्षीमाण गिरैला

३.१	शिव शिव हो बोलैला हनुमान गिरैला

४.	रामसँग हो श्री महादेव अङ्गमाल खेलन

४.१	रमाई रमाई हाँसीमा अङ्गमाल खेलन
रामसँग श्री महादेव अङ्गमाल ...

५.	हेर हिव ज्यु तुमारय आङको कुष्टी हरन भयो
हेर शिव ज्यु .....

५.१	हरन भयो हरन भयो हो हो हरन भयो ।
हो हेर शिवज्यू तुमारय आङको कञ्चनय सरीर बन्यो

६.	लैजाऊ रामज्यू तुमारय हनुमान लैजाऊ रामज्यू

६.१	कैसे लैजाऊ कैसे लैजाऊँ हो हो कैसे लैजाऊँ
हो हो कैसे लैजाऊँ, शिवज्यूको हनुमान कैसे लैजाऊँ

६.२	लैजाऊ हनुमान, लैजाऊ हनुमान हो हो लैजाऊ हनुमान
हा लैजाऊ हनुमान आजै देखि रामभक्त भयौ हनुमान

७.	राम गोसाईको साथैमा चलिजाऊ हनुमान

७.१	रामगोसाईको साथैमा कैसे चलिजाऊँ म

७.२	रामचन्द्र रिसमे लक्षिमाण खिसमे कैसे चलि जाऊँ म ।

७.३	एकैमा भाग खाउँला त एकैमा धुर सुतौंला ।

८. भयँ रामज्यू आजै देखि तिम्रै भक्त भयँ रामज्यू ।

८.१ पावै परें पावै परे मत पावै परें ।

भयँ रामज्यू आजैदेखि तिम्रै भक्त भयँ रामज्यू ।

१. खोजनै पऱ्यो भयै खोजनै पऱ्यो तिम्रै भाउजु सीतालाई खोजनै पऱ्यो ।

१. हामी खोजौला दार्जे हामी खोजौंला रामज्यूको आज्ञा पाए हामी खोजौंला

२. सातै समुन्द्र जपी मा तपी चली जाऊ मारे हनुमान ।

२.१ के लैजाऊँ चिन्हो पाहुरै त सीता माईलाई भेटन ।

के लैजाऊँ चिन्हो ...

२.२ अङ्गुलीबाट अङ्गुठी झिकी लैजाऊ चिनो हनुमान ।

अङ्गुलीबाट ...

२.३ राम हे राज जपीमा जपी चली गए वीरै हनुमान ।

राम हे राम जपीमा ...

३. सातै समुन्द्र विचैमा वाटो छेक्यो राक्षेस

३.१ एकै र कोस मुखै र वायो दुवै र कोभ शरीर

सातै समुन्द् वीचमा ...

३.२ पाँचै र कोष शरीर फुलाई पहाडै वन्यो वीर हनुमान पाचै र कोष ...

३.३ दशै र कोस मुखे र बायो खान्छु भन्दै राक्षस

दशै र कोस मुखै र वायो ...

३.४ अङ्गुठी बनी मुखैमा पसी छिरीमा गयो वीर हनुमान ।

अङ्गुठि बनी ...

४. नागैको गोरु नागैको जोत्हारा दैत्य राजाले जोतेका ।

४.१ पलंकाको दैत्य राजालाई जडौं मितवा भन्यो ।

५. किन पो आयौ मितरी नानै पलंकाको देश

५.१ हो म त आयँ मितरी वावै लंकाको देश हेरन ।

५.२ अडैमा चढी हेर नानै लंकाको देश

तैपनि देखिनँ मितेरी वावै लंकाको देश ।

५.३ कुम्हमा चढी हेर नानै लंकाको देश ।
तैपनि देखिनँ मितेरी वावै लंकाको देश

५.४ सिरैमा चढी हेर त नानै लंकाको देश ।
सिरैमा चढी पत्ताले धसी चली गयो वीर हनुमान ।

६. पलंकाको दैत्य राजै मारिसक्यो हो लंकाको पँधेरा पुऱ्यो हनुमान

६.१ पुगे हनुमान पुगे हनुमान हो हो हनुमान ।
पुगे हनुमान लंकाको पँधेरा पुगे हनुमान ।

७. सुन अङ्गुठी हो घैलामा हाली, सीता रानीलाई नुहाउन

७.१ घैलाको पानी हातैमा सहारी अंजुलीमा अंगुठी
घैलाको पानी ...

८. पँधेरैमा कोइ छो कि वावै वोलन चाँडै ।

८.१ बोलने भय बोलीमा हाल नै र बोले सराप दिऊँला
पँधेरैमा कोइछौ कि ...

८.२ हो सीता माई पाउ लागी मेरो राम दुत तिम्रै हनुमान

८.३ श्रीरामचन्द्रको हुकुम भयो आयैँ म त तिम्लाई भेटन ।
श्री रामचन्द्रको ...

९. काहाँ छन् राम लक्षीमाण हनुमान काहाँ छन् राम लक्षीमाण

९.१ विचै छन् रामज्यू विचै छन् लक्षीमाण अयुध्यामा भरथ भाइ
अयुध्यामा भरथरी भाइ हनुमान ...

९.२ के खान्छन् रामज्यू के खान्छन् लक्षीमाण केखान्छन् भरथरी भाइ ।

९.३ रामज्यू फलाहारी लक्षीमाण निलाहरी भरतले भरजन खाई ... सीतामाई ...

९.४ एकुदाना श्रीरामचन्द्र एकुदाना खाऊ तिमीले
एकदुना खाऊ तिमीले हनुमान ...

१०. हे सीता माई मिठैज लाग्यो अम्रुतै र टिपी खान देऊ

१०.१ उँधो लगाऊ सिर उँभो लगाउन लङ्गुर खोटी
खोजी खाऊ हनुमान ...

११. फल खाई अघाई फलखाइृ अघाई जरैदेखि उखेलेर समुन्दै बगाइ

११.१ विनासै भयो राजै विनासै भयो लंकापति रावनलाई सम्चारै पुग्यो

१२.	हे सुन सुन रावणे राजै रामदल आई

१२.१	फुर्लेवारी मासियो रखबारे नासियो हो हो कोलाहालै भयो लंकामा
हे सुन सुन रावण राजै ...

१३.	सहन सहिन म त सहनै सकिन तयारीमा बस अव युद्ध हु भन

१३.१	सेनापनि मेघनाथ अवतिम्रोपालो विभिषणलाई देशै निकाल
विभिषणलाई देशै निकाल, मेघनाथ ...

१४.	हेर रामज्यू समुन्द्रमा फलफुलको वोट बगी आई ।

१४.१	पुगेछन् हनुमान लंकाको फुलबारी एक शुभ समाचार आइ ।
एक शुभ समाचार आई राम ज्यू, .....

१५.	राम सरण राजै राम शरण लंकाको विभिषण राम शरण

१५.१	लंकापति रावणले देश निकाला गर्‍यो आयँ म त तिम्रै शरण
राम शरण राजै रामशरण लंकाको विभि ...

१६.	जाऊ अच्छाकुमार बाँधेर ल्याऊ झुसे बाँदर

६.१	दल र वल गए अच्छा कुमार हो हो भुसुना झैंमिजे हनुमान ।
सो खवर सुनी रिसले रावण भेजे मेघनाथ

६.२	देख्यो सर्वनाश, हान्यो व्रह्म पासो हो हो पासैमा परे हनुमान
लौ उठ उठ कुम्भकरण राजै तुमारा जोरिया आई ।

१७.	छ महिना खाने छ महिना सुतने उठ अव कुम्भकरण

१७.१	अच्छिमै खायँ बच्छिमै खायँ कठैबरी झुसे बाँदर
आच्चिमै खायँ ...

१७.२	बाइस मोठको तरवाल मेरो हानिदा चोटै नपरी
वाइस मोठको ...

१८.	किनमा रुन्छौ हनुमान वीर धुरुरु रोवैला

१८.१	छिँदेको केस पलाइजाला घाइते केस कैसे पल्हाउला
छिदेको केस ..

१८.२	किन पो रुन्छौ कुम्भकरण राजै धुरुधुरु रोवैला
किन पो रुन्छौ ...

१८.३	कति वीर काटैं ठूला ठूला देवता तिमीलाई सकिनँ वीर हनुमान

१८.४ म आफै मर्छु राख घ्यु कपास लङ्गुरमा आगो लगाइ देऊ
म आफै मर्छु...

१९. दहन भयो राजै दहन भयो लंकाको महल दहन भयो

१९.१ कति धनजन सबै लंका दरवार छिनभरिनै खरानी भयो ।
दहन भयो राजै ...

१९.२ लङ्गुरको आगो केहि गरी निभने समुन्द्रमा फालैर हाले ।
आगो सल्कियो राम आगो सल्कियो सातै समुन्द्रमा आगो सल्कियो

१९.३ पछाडि फर्की हेर त हनुमान तिम्रो अङ्ग सुन्दर भयो
धन्य हनुमान वीर धन्य हनुमान लंका दही फिरी आयौ धन्य ह...

२०. वाहारै वरिष तपसी लक्षिमाण, पुलही बाँधन या

२०.१ मोहनी छल गरेर मृच्या तपस भङ्ग गरन या
मोहनी छल ...

२०.२ तपसी लक्षिमाण काटिदियो नाँक मृच्या रुँदै लङ्कामा ।
तपसी लक्षिमाण ...

२०.३ रिसले मेघनाथ हानेको वाण मुर्छा पऱ्यो लक्षिमाण ।
रिसले मेघनाथ ...

२०.४ एकमा लकडी जलाहा बलाइ एकल राम क्या कराई ।
एकमा लकडी ...

२१. जाऊन हनुमान सिल्ली विल्ली ओखती ल्याउन हनुमान ।

२१.१ जाऊन हनुमान जाऊन हनुमान हो ल्याऊन हनुमान ।

२२. ओखती लिन जावैला हमुतरे हो समेरै परवत

२३. सदाहाको दिन भिरपाखा जाग आज दिन नजाऊ

२३.१ जसै र जाग काई मेरा लक्षिमाण उसै र जाग संसार
सदाहाको दिन ...

२४. काली चमर सेती चमर हम्की र देऊ हो भयै मेरा लक्षिमाणलाई
हो जगाइ देऊ ।

२४.१ वैद्ये भिवीषण वैधे भिविषण हो हो ओखती खुवाई
काली चमर सेती चमर...

२५.  जागे लक्षिमाण हो जागे लक्षिमाण निदरी खुले भैं जागे लक्षिमाण

२५.१  युद्धको संख घोषणै भयो घमासान युद्ध भयो ।
युद्ध भयो हो युद्ध भयो हो रगतको भल समुन्द्र छोयो ।

२५.२  लक्षिमाणको वाणले इन्द्रजीत ढल्यो रगतको भलै चल्इो ।
भलै र चल्यो हो भलै र चल्यो रगतको मूल जमिनै गल्यो ।

२५.३  लंकाको वीरहरु सर्वनाशै भयो रावणे राजा एक्लै रह्यो ।
रिसैले जल्यो दाजै रिसैले जल्यो रावण्णे राजाको गरहें चल्यो ।

२६.  आयो रावण दाजै आयो रावण रणभूमि मैदानमा आयो रावण

२६.१  एक सिर काटिने आर्को सिर नथप दश सिर भयो रावण
दशै सिर भयो रावण रामज्यू दशै सिर भयो रावण ।

२६.२  भिवीषणले सिकाए अव सिर नेथव नाभिमा रहयो मरन
नाभिमा रह्यो मरन रामज्यु नाभिमा रह्यो मरन ।

२६.३  हे राम भन्दै जमिनमा ढल्यो तिम्रै हात रैछमरन
तिम्रै हात रैछ मरन राम ज्यु तिम्रै हात रैछ मरन

२७.  जाऊ लक्षिमाण क्यै होला उपदेश बुझेर आऊ

२७.१  स्वर्गमा जाने सुनको भऱ्याङ बनाऊ
मेरो जैसो शासन चलाऊ

२७.२  खै के पो दियौ उपदेश रावण मुखभरी झारपात खाऊ

२८.  राज्य लेऊ भिवीषण, भिवीषण राज्य लेऊ भिवीषण

२८.१  लंकापति रावण रामले मारै राज्य लेऊ भिवीषण
राज्य लेऊ भिवीषण...

२८.२  सीताराम लक्षिमाण तेर हनुमान राज्य लेऊ भिवीषण
राज्य लेऊ ...

२८.३  जलैमा राम थलैमा राम रामको भजिरह नाम,
रामको भजिरह नाम हे नररामको भागिरह नाम ॥

## आशीष

१. सुतै लाछि संघार रुपै लाछि दुवार, उघारैला हो
उघारैला घुरुक्कै र दुवार .....
जैसा मन हो कहैला उईसो ईश्वरले पुऱ्याउला

२. गोठै भरी भैंसी हरि गोठै भरी लक्ष्मी - २
जैसा मन हो कहैला उईसो ईश्वरले पुऱ्याउला

३. ढुङ्गा सरी धन माटै सरी अन्न - २
जैसा मन हो ...

४. पाँचै मार पुत्र तीनै मार कन्या - २
जैसा मन हो ...

५. दुबो झैं मलके हरि पिपलु झैं हलके - २
जैसा मन हो ...

६. काँस झैँ फुले हरि बाँस झैँ नुघे - २
जैसा मन हो ...

७. नाचने आयो भनि दुखै जहि नमाने - २
जैसा मन हो .....

८. नाँचनेले दिएको आषीक घरै भण्डार भरियो
जुगै जुग आजम्बरी रह,
जैसा मन हो ...

९. सधै हामी आवईनऊ सधैं तिमीले देवईनऊ
तुम हे बस तुमारहे गृह हमु चलि जान्छौं
जैसा मन हो ...

१०. दोरपहरी धलक्यो हरि न्याउली चली गुरान्यो
झनिमा गुररऱ्यो न्याउली चरी मेरो मनै धरक्यो
जैसामन हो कहैला उईसो ईश्वरले पुऱ्याउला ॥

---

# सन्दर्भ सामग्री


पुस्तकहरु

१. पराजुली, मोतीलाल, सोरठी नृत्यनाटिका, सैद्धान्तिक अध्ययन दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, वि.सं. २०६३ ।

२. पोखरेल, बालकृष्ण, नेपाली वृहत् शब्दकोश, काठमाडौं, वि.सं. २०५५ ।

३. थापा, धर्मराज र सुवेदी हंसपुरे, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौं, पा.वि.के., त्रि.वि., वि.सं. २०४१ ।

४. थापा, धर्मराज, गण्डकी सुसेली, काठमाडौं साझा प्रकाशन, वि.सं. २०३० ।

५. बराल, केशरजंग, पाल्पा, तनहूँ र स्याङ्जाका मगरहरुको संस्कृति, काठमाडौं, ने.रा.प्र.प्र. २०५० ।

६. ओझा, रामनाथ, गिरी मधुसूदन, लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निवन्ध, वाङमय प्रकाशन गृह, काठमाडौं, दोस्रोपटक, वि.सं. २०५८ ।

७. बन्धु, चुडामणि, नेपाली लोकसाहित्य, काठमाडौं, एकता बुक्स प्रकाशन, वि.सं. २०५८ ।

८. न्यूयोर्क, सिकागो वासिङ्गटोन डि.सी. अमेरिकाना कर्पोरेशन, द इन्साइक्लोपिडिया, अमेरिकाना भोलुम - ११ इ.सं. १९६३, पृ. ४१८ ।

९. अधिकारी, चन्द्रमणि, लोकनाटक घाटुको एक अध्ययन, अध्ययनपत्र पृ.ना.क्या., पोखरा २०६३ ।

१०. घिमिरे, दिनेश, तनहू क्यामिन गा.वि.स.का गुरुङ्ग जातिमा प्रचलित पाङदुरे (मारुनी) लोकनृत्य एक अध्ययन, अध्ययनपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।